# खाद्यअधिकार

खाद्यअधिकारका लागि राष्ट्रिय सञ्जाल, नेपालको प्रकाशन (असोज, २०६७)

## बुलेटिन



खाद्यअधिकारका लागि राष्ट्रिय सञ्जाल, नेपाल

# नेपालको नयाँ संविधान २०६७ मा नेपाली जनताको खाद्यअधिकार, खाद्यसुरक्षा र खाद्यसंप्रभुताको किटानी गर

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ अन्तरगत १८ (३) मा "प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम खाद्य संप्रभुताको हक हुनेछ" भनी उल्लेख गरिएको छ । यस सन्दर्भमा खाद्यअधिकारका लागि राष्ट्रिय सञ्जाल नेपाल (National Network on Right to Food, Nepal) ले संविधानमा खाद्यअधिकार, खाद्यसुरक्षा र खाद्यसंप्रभुतालाई किटानीकासाथ उल्लेख गर्न माग गर्दै आएको छ । यस शुभ अवसरलाई हृदयंगम गरी हामी सञ्जालमा आबद्ध संस्थाहरूले तपसील बमोजिमको भूमिका निर्वाह गरी आम नेपाली नागरिकको खाद्यअधिकार सुनिश्चित गर्न थप योगदान पुऱ्याउनु हुन अनुरोध गर्दछौ ।

- आ-आफ्ना कार्यक्रमँग संबद्ध संस्था मार्फत् जिल्ला तथा गाउँमा उपरोक्त विषयवस्तुबारे स्पष्ट पार्ने ।
- ग्रामीण स्तरका सामुदायिक संस्थाबाट नेतृत्व तहका व्यक्तिलाई छनौट गरी सचेत बनाउने ।
- केन्द्रीय तथा क्षेत्रीय कार्यालयबाट जिल्लाका विविध समारोहमा भाग लिँदा उपरोक्त विषयलाई पनि समावेश गरी गहनताका साथ प्रस्तुती गर्ने ।

## मूल नारा:

***खाद्यअधिकार, खाद्यसुरक्षा र खाद्यसंप्रभुता : आम नेपाली जनताका आवाज नयाँ संविधान २०६७ मा यसको सुनिश्चितता ।***

उपरोक्त मूल नारालाई सहजिकरण गर्न तपसील बमोजिमका बुँदाहरू सहयोगी हुने देखिन्छ । स्थानीय अवसर तथा अवस्थाअनुसार थप बँदाहरू पनि सान्र्दभिक हुन सक्दछन् :

- खाद्यसंकटबाट ग्रसित क्षेत्र र समुदायको पहिचान र सचेतनाका लागि संवाद कार्यक्रम संचालन गर्ने ।
- खाद्यअधिकार सम्बद्ध नेपाल सरकार अनुबन्धित अन्तर्राष्ट्रिय कानुनबारे सचेत हुने, समुदायलाई सचेत गर्ने र सभाषद्ज्यूहरूसँगको संवादमा तर्कपूर्ण प्रस्तुती गर्ने ।
- अति विपन्न परिवार वा खाद्य संकटबाट ग्रसित समुदायलाई रोजगारमूलक विकास कार्यक्रम संचालनका लागि प्रेरित गर्ने ।
- भौतिक पूर्वाधार निर्माण गर्दा उत्पादन सामग्री र उत्पादित वस्तु तथा श्रम व्यवस्थापनलाई मध्यनजर राखी योजना बनाउनु पर्ने ।
- कृषि उत्पादन तथा वितरण प्रणालीलाई प्राथमिकता दिंदै बजेट प्रवाहीकरण, प्रविधि विस्तार तथा संस्थागत विकासमा सरकारको ध्यान केन्द्रित हुनुपर्ने ।
- जिल्लाको भौगोलिक तथा सामाजिक स्थिति विश्लेषण गरी तुलनात्मक आधारमा कृषि उत्पादनलाई बढावा दिनुपर्ने ।
- कृषि उत्पादन योजना मूलतः खाद्यसुरक्षामूखी हुनुपर्ने ।
- बजारमूखी उत्पादनको आम्दानी पुनः कृषिमा आधारित उद्यम तथा सीपलाई प्रवर्द्धन गर्नेतर्फ उन्मुख बनाउन पर्ने ।
- साना तथा मझौला कृषकहरूलाई कृषि उत्पादन सामग्री तथा प्रविधिको सुलभ व्यवस्थापन गरी गाउँ तथा जिल्लाभित्रै खाद्यसुरक्षातर्फ प्रोत्साहित गरिनुपर्ने ।
- संतुलित भोजन, पोषण तत्व तथा स्थानीय स्तरमै उत्पादन हुन सक्ने पोषणजन्य कृषि बालीबारे बृहत्तर प्रचारप्रसार तथा प्रशिक्षण गरिनुपर्ने ।
- गुणस्तरयुक्त उत्पादन सामग्रीको सहजता, उत्पादित वस्तुको उचित बिक्री व्यवस्थापन तथा दिर्घकालीन व्यवथापनको लागि ग्रामीण सहकारीलाई व्यावस्थित गरिनुपर्ने ।
- दीर्घकालिन योजना नबनाई सीपविहीन कार्यमा विदेशिन अग्रसर रहेका आम युवाका लागि योजनाबद्ध व्यवसायिक कृषि तथा पशुपालन परियोजनामा अग्रसर गराउनुपर्ने ।
- आर्थिक तथा सामाजिक पक्षले विपन्न, आदिवासी, जनजाति दलित तथा महिलालाई स-साना कृषि उद्यमतर्फ आकर्षित गर्नुपर्ने ।
- जिल्लास्थित कृषि समितिले उपरोक्त विषयहरूलाई सघनतापूर्वक लिई सरकारी, गैरसरकारी, समुदाय तथा नागरिक समाजलाई संलग्न गरी खाद्य सुरक्षा योजना बनाउनुपर्ने ।
- सहभागितामूलक योजना तर्जुमा गर्दा गा.वि.स.का निम्न आर्थिक स्तर भएका कृषक परिवारको जीवनस्तर उकास्ने भौतिक पूर्वाधार, आर्थिक परियोजना तथा सामाजिक सञ्जाललाई उच्च प्राथमिकता दिई योजना दस्तावेजमा निम्न स्तरीय कृषिको सुरक्षा कवच स्पष्ट हुनुपर्ने ।
- निर्माणाधीन कृषि सडकलाई नै प्राथमिकतामा राखी उत्पादनमूलक रणनीति बनाउँदै ग्रामीण यातायातलाई आबद्ध गर्नुपर्ने । ग्रामीण भेगमा जथाभावी ग्रामीण सडक बनाउनुभन्दा अर्थतन्त्रमूखी सडकले प्राथमिकता पाउनुपर्ने ।

# खाद्यअधिकार जनता र सरकार

- वीरेन्द्र अधिकारी, राष्ट्रिय कार्यक्रम संयोजक, खाद्यअधिकारका लागि राष्ट्रिय सञ्जाल, नेपाल

खाद्यअधिकारका लागि राष्ट्रिय सञ्जाल-नेपाल खाद्यअधिकार अभिमूखिकरणका लागि निर्माण गरिएको साझा सञ्जाल हो । यसमा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्रसरकारी संस्था लगायत विभिन्न नागरिक समाजको सहभागिता छ। यस सञ्जालमा ६० वटा संस्थाहरू सदस्य रहेका छन् । यद्यपि गैरसरकारी संस्था महासंघ, सामुदायिक वन उपभोक्ता महासंघ जस्ता संस्थाका हजारौं घटक संगठनहरूको आवद्धतालाई समेत दृष्टिगत गर्दा यो राष्ट्रव्यापी रूपमा कार्यरत रहेको महसुस हुन्छ ।

## उद्देश्य :

यसको मूल उद्देश्य नेपाल सरकार र संबद्ध निकायहरूसँग नेपाली जनताको खाद्यअधिकारको सुनिश्चितता गर्न संवैधानिक, प्राविधिक तथा आर्थिक क्षेत्रमा बहस, पैरवी तथा वकालत गर्नु हो ।

## खाद्यअधिकारको सुनिश्चितता किन र कसरी ?

- नेपालका जनतालाई जीवनयापनको लागि आवश्यक खाद्यान्न (पौष्टिक पदार्थ समेतको), लत्ता कपडा, आवास, शिक्षा दिक्षा तथा औषधोपचारको ग्यारेण्टी गर्ने सरकारको दायित्व हो । यसलाई हामी जनताको नैसर्गिक अधिकार (Fundamental Rights) भन्दछौं ।

- उपरोक्त आवश्यकता परिपूर्ति गर्न कटिबद्धता सरकारले अन्तर्राष्ट्रिय अनुबन्ध मार्फत् जाहेर गरेको छ ।

- नेपालमा सरकारले उपयुक्त वातावरण तैयार गरेको खण्डमा खाद्यअधिकारमा जनताको पूर्ण पहुँच पुग्ने स्थिति छ ।

- देशमा भएका अधिकांश उद्योगहरू धराशायी हुनु, कृषिमा आधारित उद्योगहरू दिनानुदिन ह्रास हुनु तथा व्यवसाय र बालीको निरन्तरता नहुनुले कृषक तथा मजदुरको खाद्यअधिकार सुरक्षामा नकारात्मक प्रभाव पारेको छ ।

- साना किसानहरू (झण्डै ६०% जनताहरू) बीउ, मल, सिंचाई तथा बजार जस्ता अति आवश्यक सामग्री तथा संयन्त्रबाट बञ्चित छन् । कम गुणस्तरका बीउ, मल, सिंचाइको अभाव तथा मध्यस्थकर्ताबाट नियन्त्रित बजारभाउले कृषकलाई अन्धकारको कृषि यात्रामा हिंडाइरहेको छ ।

- बहुराष्ट्रिय कम्पनी उत्पादन सामग्री (बीउ, मल, विषादि, हरमोन) सरकारी माध्यम र सुनिश्चितता बिना बजारमा आएका छन् । देशका प्राविधिक निकायहरू (कृषि, पशु, वन) यसप्रति उत्तरदायी हुन सकेका छैनन् । फलस्वरुप कृषकहरू पटक-पटक अपूरणीय आर्थिक क्षति व्यहोर्न बाध्य पारिएका छन् ।

- कृषिप्रधान देशको कृषि प्रणालीमा बर्बादी भई वर्षेनी खाद्यान्न आयात गर्दा पनि सरकारी निकायको उपयुक्त ध्यान पुगेको छैन् । फगत सरकारी लक्ष्य परिपूर्तिका लागि सभा, समारोह भएका छन् ।

- जिल्ला जिल्लामा राजनैतिक प्रतिनिधिहरू नीति निर्माण, वकालत तथा पैरवी गर्न अति कमजोर छन् । फलस्वरुप योजना निर्माणमा स्थानीय समस्याहरूलाई सम्बोधन गर्ने काममा अपूर्णता रहेको छ ।

- जिल्लामा स्थानीय निकायले गैसस, अन्य नागरिक समाज तथा प्रबुद्ध व्यक्तिहरूसँग सरोकार लिने प्रक्रिया ज्यादै नाजुक छ । विकासका पूर्ण संभावनालाई विश्लेषण गरी जिल्ला विकास योजनामा समावेश गर्ने (LSGA, 2055) लागु गर्ने तथा समयअनुसार अनुगमन गर्ने प्रक्रिया कमजोर छ ।

- जिल्लामा समग्र विकास योजनाको अभावले बजेट छिरल्लिएको छ । गा.वि.स.मा अनावश्यक बाटो बनाउनु, बिजुली तारबिना पोल गाड्नु, गाडी बिनाका पुल बनाउनु, औचित्यहीन भवन निर्माण गर्नु लगायत निहित स्वार्थ तथा मनोमानी ढङ्गका योजना बनाइएका छन् । यदि यस्ता योजनाका रकम उत्पादनमूलक क्षेत्रहरू जस्तै सिंचाई, बीऊ मलमा ढुवानी अनुदान, सहकारी प्रबर्द्धन, दुध चिस्यान केन्द्र, फलफुल नर्सरी, सहुलियत माहुरीघर, स्प्रेयर, बीऊ भण्डारण भकारी, आलु भण्डारण लगायत अन्य मध्यम व्यवसायिक कृषि क्षेत्रमा लगानी गरेमा साना कृषक, व्यवसायी तथा भोकमरीबाट पीडित जनताको खाद्य सुरक्षामा टेवा पुग्न सक्दछ ।

- जिल्लामा कृषि, पशु, वन, खानी, उद्योग, साना उद्यम लगायत सम्पूर्ण आयआर्जनका क्षेत्रहरूको विश्लेषण गरी दीर्घकालीन "खाद्य सुरक्षा योजना" बनाइएमा धेरै जिल्लाहरूले पाँच वर्षभित्रमा खाद्य प्रयाप्तताको स्थिति हासिल गर्न सक्दछन् ।

- गाउँ, नगर साझेदारी तथा उत्पादनमूलक सम्बन्ध कमजोर छ। शहरी क्षेत्रले ग्रामीण क्षेत्रलाई निकै कम सहयोग गरेको छ । शहरी क्षेत्रहरू सुविधा केन्द्रित हुनु र गाँउमा उत्पादनमूलक सहयोग नहुनुले शहरतर्फ बसाइसराई ओइरिएको छ ।

- गाँउबाट शहरमा आउने गरेका उत्पादित वस्तु अब शहरबाट गाँउतिर पठाइएका छन् । यसले कृषिलाईभन्दा व्यापार क्षेत्रलाई महत्व दिएको छ । फलतः युवा तथा

बयस्कहरू भिना-मसिना व्यापारमा उद्धत देखिन्छन् ।

- उत्पादन तथा उत्पादित वस्तुको बीमा नहुनु, सुरक्षा नहुनु, मनोमानी मूल्य निर्धारण गरिनु, उत्पादनको मुल्य कस्ने क्षमता नहुनु, सबल कृषक संघ/संगठन नहुनु, मध्यस्थकर्ताले छलकपट तथा दमन गर्नु र सरकारी संरक्षण नहुनाले मझौला तथा ठूला कृषक समेत बिचलित छन् ।
- परम्परागत उत्पादित बाली, कन्दमूल, मसलाजन्य चिजबिज दिन प्रतिदिन नाजुक बन्दै गएका छन् । मास, जौ, उवा, फापर, तिल, तोरी, अडहर, सिलाम, गहत, सिल्टुङ, बोडी, मरहट्टी, लसुन लगाएत दर्जनौ खाद्य तथा औषधि उपचारका बाली लोप हुने अवस्थामा छन् ।
- यसका साथै बृहत्तर संभावना भएको पशुपालन, काठ उत्पादन तथा गैह्रकाष्ठ उद्यमहरू सुस्पष्ट छन् । यिनलाई संरक्षण र प्रबर्द्धन गर्ने योजना सबल छैन । बरु चोरी, निकासी तथा भ्रष्टाचार गरिएका खबरहरू संचार माध्यममा व्याप्त छन् ।
- विगतमा विदेश पैठारी गरिएका कृषि तथा घरेलु उद्योग जन्य वस्तुहरूमा गुणस्तरको कमी, प्रतिस्पर्धाको कमी, कोटामा कटौती, विषादियुक्त उत्पादन तथा सरकारी प्रोत्साहनको अभावले समस्त निर्यातलाई निरुत्साहित बनाएको छ । यी वस्तु उत्पादनमा जग्गाविहीन सुकुम्बासी, साना किसान, व्यवसायिक कृषक र मजदुरको श्रम उपयोग भई आयआर्जन भएको थियो ।
- व्यापार, कुटिर उद्योग, यातायात, होटेल लगायत समस्त सेवा क्षेत्रमा संलग्न मजदुर तथा न्यून वैतनिक प्राविधिक खाद्यवस्तुको अत्याधिक महँगीले छटपटाइरहेका छन् । उर्जाजन्य डिजेल, पेट्रोल, ग्यास आदिमा १ गुणा बद्धि हुँदा यातायात मा २ गुणा र खाद्य पदार्थमा ४ गुणा बृद्धि भएको पाइन्छ । यसमा सरकारी नियन्त्रणको प्रयास निरर्थक छ ।
- उपरोक्त संभावनाहरूलाई मध्यनजर राखी खाद्यअधिकार, सहज खाद्यसुरक्षा र खाद्यसंप्रभुतालाई सबलिकरण गर्न सरकार र जनताका आ-आफ्नै भूमिका हुनुपर्दछ ।

## के देखिन्छ देशमा ?

| **जनता** | **सरकारी निकाय** | **राजनैतिक दलहरू** |
|---|---|---|
| - आ-आफ्ना खेती तथा अद्यमधन्दामा व्यस्त छन् ।<br>- आफ्नो अधिकारको पहिचान कम छ ।<br>- आत्मसुरक्षा तथा जीवनयापनका लागि विभिन्न समूह/पार्टीमा दर्ता छन् ।<br>- देशको कुल आम्दानी, घाटा, विकासका संभावना, बजेट सदुपयोग / दुरुपयोग बारे कम जान्दछन् ।<br>- देशभक्त छन् । देशमा राम्रो योजना र विकाशको प्रतिक्षा गर्दछन्<br>- प्राकृतिक प्रकोप, अशान्ति, भोकमरी तथा रोगव्याधीबाट त्रस्त छन् र सँधै सहयोगको अपेक्षा राख्दछन् । | - सिमित वार्षिक कार्यक्रम भ्रमण तथा तात्कालिक उपलब्धिको परिधि भित्र छ ।<br>- अधिकार र सुविधाप्रति बढी सजग छ ।<br>- विभाजित जनसमुदायको सामुहिक स्वार्थ, उपलब्धी तथा ऐक्यबद्धता प्रति निश्चित नीति छैन् ।<br>- पारदर्शी छैन । विवरण खुलाई नियमित प्रकाशन गर्दैन् ।<br>- जनताको अपार इच्छा, प्रतिबद्धता र इमान्दारिताको कदर गरी वास्तविकता विकास योजना बनाउँदैन ।<br>- सानो सहयोगले भारा टार्छन् तर जनताको त्रासदीप्रति चिन्तित छैनन् । | - जनताको आधारभुत खाँचोप्रति ज्ञान कम छ र चासो पनि कम छ ।<br>- जनताको अधिकार, सरकारको दायित्व र आफ्नो कर्तव्यप्रति अति नै कम संवेदनशील छन् ।<br>- तर्कका आधारमा राजनैतिक वकालत नभै अल्पकालीन, निहित स्वार्थ तथा पार्टीको जितका लागि उद्धत देखिन्छन् ।<br>- देशको प्रतिविम्बबारे सरकार र जनतालाई राखेर छलफल गराउँदैनन । बरु, दुवै तर्फबाट व्यक्तिगत तथा पार्टीगत स्वार्थ उठाउन तल्लीन छन् ।<br>- जनतासँग बसी सहभागीतामूलक सोंच, योजना र कार्यान्वयन पद्धति बनाउदैनन् । बुद्धिजीवी तथा समाजसेवीको सल्लाह ग्रहण गर्दैनन् र सरकारमाथि उचित नियन्त्रण -गर्ने इच्छा तथा क्षमता छैन् । |

### के हुनुपर्छ अब ?

- देशप्रति चिन्तित, साझा स्वार्थ र नेपालको विकासलाई आत्मसात गरेको संविधान र सरकार ।
- वास्तविक विकासका संभावनालाई समेटी ५ वर्षे दिर्घकालीन योजना तथा कटिबद्ध रणनीति ।
- क्षेत्र, गाउँ तथा समुदायलाई किटान गरी बढाइएका समयबद्ध परियोजनाहरू ।
- परियोजना तैयारी, कार्यान्वयन तथा अनुगमनमा जनताको पूर्ण अनुगमन, सहजीकरण तथा नीति निर्देशन ।
- अन्तर्राष्ट्रिय बजेटलाई राष्ट्रिय शैलीभित्र एकीकरण गरी प्राथमिकीकरण ।
- योजना अवधिभित्र पूर्ण रूपले दुरुपयोग भए कारबाही, नियन्त्रण र आवश्यक सुधार ।
- कर्म, इमान्दारिता तथा कटिबद्धताका आधारमा जनतालाई राजनैतिक प्रतिनिधि चुन्ने पूर्ण स्वतन्त्रता ।

## द्वन्द्वको पीडा अझै भोग्दै छन् धादिङ्ग जिल्लाका चेपाङ्गहरू

**तोला कुमारी पाठक, धादिङ**

धादिङ्ग जिल्लाको दक्षिण क्षेत्रका धेरै गा.वि.स.हरूमा चेपाङ्ग जातिको बसोबास रहेको छ । ६०,००० जनसङ्ख्यामा रहेका चेपाङ्ग समुदायमा विभिन्न संघसंस्थाहरूले काम गरिरहेको अवस्था भएपनि उनीहरूको जीवनस्तर भने पहिलेको जस्तै अवस्थामा रहेको छ । गिठ्ठा, भ्याकुर, तरुल जस्ता कन्दमुल खोजेर खाने र कोही कोही पुरुषहरू ज्याला मजदुर गर्न जाने गरेका छन् । करिब ९ वर्ष अघि जोगीमारा गा.वि.स. का चेपाङ्गहरू ज्याला मजदुरी गर्न कालिकोट गएका थिए । द्वन्द्वको बेलामा २०५८।११।११ गते कालिकोट एयरपोर्ट बनाउने क्रममा सरकार पक्षबाट १७ जना चेपाङ्गहरू निर्ममतापूर्वक मारिए । बालबच्चा, बृद्धआमा, बेसाहारा महिलाहरू आज पनि घरका संरक्षक आउने आशामा अझैपनि बाटो कुरिरहन्छन् । द्वन्द्वमा परेका ती पीडितका नाबालक छोराछोरीलाई केही समय पढाउनको लागि जिम्मेवारी लिए पनि अहिले गाउँमा नै फिर्ता गरेको अवस्था छ । नैर्सगिक मानवअधिकारहरू उनीहरूको लागि किताबी अक्षरमा मात्र सिमित भएको छ । पढ्नको लागि साह्रै सास्ति खेप्दै छन् त्यहाँका बालबालिकाहरू । दैनिक घण्टौं हिंड्छन् स्कूल जानको लागि । घाँस दाउरा गर्दा समेत पढ्दै गरेको भेटिन्छन् । हाल कक्षा पाँचमा पढ्ने एघार वर्षकी बालिका संरकिनी चेपाङले आफ्नो बाबाको मृत्यु घटनामा परेर भएपछि पनि सरकारले केही वास्ता नगरेको भन्दै गीत रचना गरेकी छिन् । सो गीतको केही झलक यस प्रकार रहेको छ ।

“हाम्रो बाबा काम गाको  
किन होला ज्यान भन्न नपाको  
ठूली भइ जान्छु बाबा खोज्नलाई,  
कहाँ लग्यो सरकारलाई सोध्नलाई” ।

यी द्वन्दमा परेका बाहेक अन्य चेपाङहरूको पनि स्थिति दयनिय अवस्था छ । आम्दानीको लागि नयाँ सृजनशील कुनै काम नगर्ने, र आफ्नै रितिरिवाजमा आश्रित चेपाङ समुदायमा प्रत्येक वर्ष उल्लेख्य मात्रामा कुपोक्षणका कारण बालबालिकाको मृत्यु हुने गरेको छ । उक्त ठाउँका चेपाङहरूको मानव अधिकार सुरक्षाको लागि राज्यको ध्यान जान जरुरी छ ।

## नेपालको दोस्रो ठूलो टार सिंचाई संकटमा

**- तोला कुमारी पाठक, धादिङ**

नेपालकै दोस्रो ठूलो टारको रूपमा चिनिने सल्यानटार धादिङ जिल्लाको उत्तरी क्षेत्रमा पर्दछ । कुमाल, दरै, गिरीहरूको बाहुल्यता रहेको छ । बुढिगण्डकी र आरवखोलाको बीचमा रहेको यो गा.वि.स. पुरै टारको छ । यहाँ उत्पादन भएको अन्न र कोशेबालीले यो गा.वि.स.का किसानहरूलाई ६-९ महिनासम्म खान पुग्दछ । बाँकी समय ज्यालादारी र अन्यत्र गएर निर्वाह गर्ने गर्दछन् । यहाँका पुरुषहरू भारतमा गई कमाई गरी ल्याउने गर्दछन् भने महिलाहरू भारी बोकी जीवन निर्वाह गर्ने गरेका छन् । सबैको आ-आफ्नो जग्गा भएपछि आकासे पानीको भरमा हुने मकै र घैया धान मात्र उत्पादन हुने र बाँकी समय सबै जग्गाहरू पुरै खाली बस्ने गरेको छ । यदि यस ठूलो टारमा सिंचाई हुने हो भने सल्यानटार गा.वि.स. लगायत वरिपरिका सबै गा.वि.स.लाई खाद्यान्नको अभाव हुने थिएन ।

# नेपालमा खाद्यअधिकारः सिद्धान्त, कानून र व्यवहार

-भेषराज अधिकारी, अधिवक्ता

## मानवअधिकार

मानवअधिकार मुलतः मानिस भएको आधारमा प्रत्येक व्यक्तिले पाउनुपर्ने अधिकार हो । मानवअधिकार सभ्य, समुन्नत एवं सम्मानजनक जीवन जिउनको निम्ति पूर्वशर्त हो । मानवअधिकार एउटा नैसर्गिक एवं मौलिक अधिकार हो । मानिसलाई मानिसको हैसियतमा मर्यादित भएर बाँच्नका लागि आवश्यकपर्ने सबै अधिकारहरू मानवअधिकार हुन् । यसरी मानव जीवनको अस्तित्व र समृद्धिसँग गाँसिएको मानवीय मूल्यलाई नै अर्को भाषामा मानवअधिकार भनिन्छ ।

## खाद्यअधिकार, खाद्य सुरक्षा र खाद्य सम्प्रभुता

खाद्य अधिकार मानिसको मौलिक मानव अधिकार हो । खाद्य वस्तुको अधिकार मानवअधिकारको क्षेत्रमा एक प्राचीन अवधारणा हो । व्यक्तिलाई आफ्नो आवश्यकताअनुसार उचित, पोषणयुक्त र स्वच्छ खानाको अधिकारको प्रत्याभूतिको अवस्था नै खाद्यसम्बन्धी अधिकारको सुनिश्चितता हो । वस्तुतः यो अधिकार भोकमरी विरुद्धको अधिकार हो । अर्को अर्थमा खाद्यान्नको अधिकार जीवनको अधिकार पनि हो । पर्याप्त र पोषणयुक्त भोजन सबै नागरिकलाई उनीहरूले चाहेको समयमा उपलब्ध गराउनु राज्यको दायित्व हो ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ११ लाई व्याख्या गर्दै आर्थिक तथा सामाजिक समितिले सन् १९९९ मा जारी गरेको सामान्य टिप्पणी नं. १२ (General Comment 12) ले पुरुष, महिला तथा बालबालिकालाई उपयुक्त खाद्यवस्तु वा मानवीय मर्यादाका साथ खाद्यान्न खरिद गर्ने र स्रोतमा सदैव आर्थिक तथा भौतिक पहुँच भएमा मात्र खाद्यान्नको अधिकारको कार्यान्वयन हुन सक्ने उल्लेख गरेको छ ।

खाद्यसम्बन्धी अधिकार खाद्य सम्प्रभुता (Food Sovereignty), खाद्य सुरक्षा (Food Security) र खाद्य अधिकार (Right to Food) सँग जोडिएको विषय हो । खाद्य सम्प्रभुतालाई राजनीतिक अवधारणा, खाद्य सुरक्षालाई प्राविधिक अवधारणा र खाद्यान्नको अवधारणालाई कानुनी अवधारणा मानिन्छ ।

खाद्य सुरक्षाको अवधारणाको विकास सन् १९७० को दशकबाट भएको पाइन्छ । सन् १९७४ मा भएको विश्व खाद्य सम्मेलनले खाद्य सुरक्षालाई उत्पादन र मूल्यमा हुने घटबढ र खाद्य उपभोगमा हुने बृद्धिलाई धान्न सक्ने आधारभूत खाद्यवस्तुको सबै समयमा हुने विश्वव्यापी आपूर्तिको रूपमा परिभाषित गरेको छ । सन् १९८३ मा विश्व खाद्य तथा कृषि संगठनले प्रत्येक व्यक्तिलाई आवश्यक परेको हरेक समयमा आधारभूत खाद्यान्नमा भौतिक तथा आर्थिक पहुँच हुनुपर्नेमा जोड दिएको छ । सन् १९९६ को विश्व खाद्य सम्मेलनले खाद्य सुरक्षा अन्तर्गत खाद्य वस्तुमा पहुँच, उपलब्धता, उपभोग र स्थायित्व समावेश हुने उल्लेख गरेको छ ।

खाद्य सम्प्रभुताको अवधारणाको विकास सन् १९९६ मा विश्वव्यापी किसानहरूको अभियानले अघि सारेको हो । यो अवधारणा साना किसानहरूको आर्थिक तथा राजनीतिक सिमान्तीकरणको विरोधको रूप हो । यस अवधारणाले खाद्यान्नको उत्पादन, वितरण र नियमनका विषयमा व्यक्ति, समुदाय तथा राष्ट्रको अधिकारलाई सुनिश्चित गर्दै वातावरणीय, सामाजिक, आर्थिक तथा साँस्कृतिक रूपले आफ्नो विशिष्ट परिस्थिति अनुरूप कृषि, खाद्य, मत्स्य तथा भूमिसम्बन्धी नीतिहरू निर्धारण गर्ने अधिकार सम्बन्धित व्यक्ति, समुदाय र राष्ट्रमा निहित हुने मान्यता राख्दछ । यस अधिकार अन्तर्गत खाद्यवस्तुको अधिकार र खाद्यान्न उत्पादन तथा वितरण गर्ने अधिकार पर्दछन् ।

## खाद्य अधिकारको महत्व

खान पाउने अधिकार मान्छेले नपाउने हो भने नागरिक तथा राजनीतिक अधिकारको कुनै सार्थकता हुँदैन । भोको व्यक्तिले मतदान गर्न, राजनीतिक गतिविधिमा सामेल हुन तथा नारा, जुलुस, हड्ताल आदि गतिविधिमा सामेल हुन सक्दैन । केही समय सामेल हुन सकेपनि अन्ततः उ बिरामी पर्नेछ र त्यसपछि पनि खान नपाएमा मृत्युसमेत व्यहोर्नुपर्ने हुन्छ । त्यसैले खान पाउने अधिकार अत्यन्तै महत्वपूर्ण र संवेदनशील मानवअधिकार हो । यसैकारण मानवअधिकारका अन्तर्राष्ट्रिय सन्धी-सम्झौता, मानवअधिकारका क्षेत्रीय स्तरका सन्धी-सम्झौता, अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा सरकारी तथा गैरसरकारी अनेकौं अन्तर्राष्ट्रिय तथा क्षेत्रीय घोषणाहरूले खाद्यअधिकारलाई सशक्त रूपमा उठाएका हुन् ।

## अन्तर्राष्ट्रिय कानुन र खाद्यअधिकार

१. **मानवअधिकारको विश्वव्यापी घोषणा** (१० डिसेम्बर १९४८) को धारा २५(१) मा प्रत्येक व्यक्ति र निजको परिवारको स्वास्थ्य र कल्याणको लागि जीवनस्तरको अधिकार छ । यसअन्तर्गत खाना, कपडा, घर तथा औषधोपचारका सुविधाहरू र आवश्यक

सामाजिक सेवाहरू पनि सम्मिलित छन् । विरामी, असमर्थता, विधवा, बुढेसकाल वा निजको शक्तिबाहिरको कुनै परिस्थितिमा साधन अभाव भएमा सुरक्षाको अधिकार छ ।

२. **आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक संयुक्त राष्ट्रसंघीय अनुबन्ध** (१६ डिसेम्बर १९६६, नेपालले अनुमोदन गरी पक्ष राष्ट्र बनिसकेको छ ।) को धारा ११(१) मा आफ्ना परिवारका सदस्यहरूको निम्ति खाना, कपडा र आवास लगायत पर्याप्त स्तरको जीवन प्राप्त गर्ने र जीवन स्थितिमा निरन्तर सुधारको अधिकारलाई व्यवस्थित गरिएको छ । धारा ११(२) मा भोकबाट मुक्त हुने सबैको मुलभूत अधिकारलाई मान्यता दिइएको छ । साथै प्राविधिक र वैज्ञानिक ज्ञानको पूर्ण प्रयोग, पोषणको सिद्धान्तसम्बन्धी ज्ञानको प्रचार, प्राकृतिक स्रोतहरूको प्रभावकारी विकास र उपयोग गर्ने किसिमले कृषि व्यवस्थाको सुधार गरेर उत्पादन पद्धतिको सुधार, संरक्षण, वितरण तथा विश्व खाद्य आपूर्तिमा समान वितरण निश्चित गर्नु पर्ने जस्ता प्रावधानहरू समाविष्ट छन् ।

३. **महिलाविरुद्ध सबै प्रकारका भेद्भावहरू उन्मूलन विषयक अभिसन्धि** (८ डिसेम्बर १९७९, नेपालले अनुमोदन गरेर पक्ष राष्ट्र बनिसकेको छ ।) यसको धारा १२(१) र (२) तथा धारा १४ (१), (१) को (क), (ख), (ग), (घ), (ङ), (च), (छ) र (ज) मा महिलाको खाद्यअधिकारको व्यवस्था गरिएको छ । जसमा गर्भवती भएको बेला र दुधे बालक भएको बेला पर्याप्त पोषणयुक्त खानेकुरा उपलब्ध गराउँदै गर्भवती, बन्दी र सुत्केरी भएको समयमा महिलाहरूलाई उपयुक्त सेवा पुऱ्याउने कुरालाई निश्चित गर्ने र सामाजिक सुरक्षा कार्यक्रमहरूबाट प्रत्यक्ष फाइदा दिलाउने नीतिहरू अवलम्बन गर्ने भनिएको छ ।

४. **बालअधिकारसम्बन्धी अभिसन्धि** ( १९८९ नोभेम्बर २०, नेपालले अनुमोदन गरी पक्ष राष्ट्र बनिसकेको छ ।) को धारा २४(१), (२) को (क), (ख), (ग), (घ), (ङ) र (च), धारा २४(३) र (४), धारा २७(१),(२), (३) र (४) मा बालकको खाद्य अधिकारको बारेमा व्यवस्था गरिएको छ । पर्याप्त पोषणयुक्त खाद्यान्न र शुद्ध खानेपानीको व्यवस्थाद्वारा रोग र कुपोषणको बिरुद्ध लड्ने, बालस्वास्थ्य र पोषणको आधारभूत ज्ञान, स्तनपानको उपयोगिता, निवारक स्वास्थ्य स्याहार जस्ता प्रावधानहरू रहेका छन् ।

## केही मुलुकहरूको संवैधानिक प्रावधान

- भारतको संविधानमा खाद्यान्नको अधिकारलाई छुट्टै धारामा अधिकारको रूपमा व्यवस्था गरिएको छैन । भारतको संविधानको धारा ४७ मा पोषकतत्व र जीवनस्तर उकास्ने तथा सार्वजनिक स्वास्थ्य सुधार गर्ने राज्यको कर्तव्य हो भन्ने स्वीकार गरिएको छ । संविधानको धारा २१ अन्तर्गत रहेको जीवनको अधिकारभित्र नै खाद्यअधिकार समाविष्ट भएको व्याख्या भारतीय न्यायलयले गरेको छ । भारतको सर्वोच्च अदालतले आवास र खाद्यसम्बन्धी अधिकार जीवनको अधिकारसँग सम्बन्धित रहेको भनी व्याख्या गरेको छ । [Chameli Singh v. State of UP (1996) 2 SCC 549]
- पाकिस्तानको संविधानको धारा ३८ मा गाँस, बास, कपास, शिक्षा र स्वास्थ्य सुविधा राज्यले उपलब्ध गराउने भन्ने उल्लेख छ ।
- बंगलादेशको संविधानको धारा १५ मा गाँस, बास र कपासप्रति राज्यको आधारभूत दायित्व हुनेछ भनिएको छ ।
- श्रीलंकाको संविधानको धारा २७ मा उचित जीवनस्तरको निम्ति गाँस, बास तथा कपासको व्यवस्था हुनुपर्ने कुरा समाविष्ट छ ।
- स्वीस महासंघको संविधानको धारा १८ मा महासंघले खाद्यान्न समेतको प्रयोगको लागि कानुन बनाउन सक्ने प्रावधान छ ।
- दक्षिण अफ्रिकाको संविधानको धारा २७ ले प्रत्येक व्यक्तिलाई पर्याप्त खाद्यान्न र पिउने पानीको पहुँचको अधिकार हुने व्यवस्था गर्दै यस्ता अधिकारको प्रगतिशील उपभोगको लागि उपलब्ध साधन तथा स्रोतले भ्याएसम्म राज्यले विधायिकी तथा आवश्यक अन्य उपायहरू अवलम्बन गर्ने व्यवस्था गरेको छ ।
- केन्याको संविधानको धारा ६० ले प्रत्येक व्यक्तिलाई भोकबाट मुक्त रहने अधिकार हुने र पर्याप्त एवं उचित गुणस्तरीय तथा साँस्कृतिक रूपमा स्वीकार्य खाद्यान्नमा पहुँचको अधिकार हुने व्यवस्था गरेको छ ।
- बोलिभियाको संविधानको धारा १६ ले हरेक नागरिकलाई खाद्यअधिकार हुनेछ भन्ने प्रावधान राखेको छ ।
- इक्वेडोरको संविधानको धारा १३ ले खाद्यअधिकारलाई स्वीकार गरेको छ । उपभोक्ताको सांस्कृतिक खाद्यअधिकारलाई स्वीकार गर्दै खाद्य संप्रभूताको अधिकारलाई समेत संविधानले स्वीकार गरको छ ।
- ग्वाटेमालाको संविधानको धारा ५१ ले बृद्ध तथा बालकको खाद्यअधिकारलाई संरक्षण गर्ने भनेको छ ।

## नेपालको संवैधानिक अभ्यास र खाद्यअधिकार

खाद्यवस्तुको अधिकारलाई छुट्टै अधिकारको रूपमा व्यवस्था नगरी जीवनको अधिकारको रूपमा वैधानिक कानुन, २००४, अन्तरिम शासन विधान, २००७, नेपाल अधिराज्यको संविधान, २०१५, नेपालको संविधान, २०१९, नेपाल अधिराज्यको संविधान, २०४७ देखि नै प्रत्याभूत गरिरहेको देखिन्छ । तर २०६३ सालभन्दा अगाडिका संविधानहरूले खाद्यान्नको अधिकारलाई छुट्टै मौलिक हकको रूपमा व्यवस्था गरको पाइँदैन ।

नेपालको अन्तरिम संविधान, २०६३ ले सर्वप्रथम खाद्य सम्प्रभुताको व्यवस्था गर्दै धारा १८ ले रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हक अन्तर्गत उपधारा ३ मा प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम खाद्य सम्प्रभुताको हक हुने व्यवस्था गरेको छ ।

## संविधानसभा र खाद्यअधिकार

हाम्रो देशमा पहिलो पटक संविधान निर्माणका लागि संविधान सभा क्रियाशील छ । संविधानसभाका विभिन्न समितिहरूमध्ये मौलिकअधिकार तथा निर्देशक सिद्धान्त समिति पनि एक हो । यस समितिले विषयगत अवधारणापत्र तथा प्रारम्भिक मस्यौदाको प्रतिवेदन २०६६ प्रस्तुत गरेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई पनि मौलिक हकको रूपमा प्रत्याभूत गर्दै यस्ता हकको उपभोगको लागि राज्यले आवश्यक साधन, स्रोत र पूर्वाधारको व्यवस्था गर्नुपर्ने हुन्छ भनी उक्त समितिले प्रतिवेदनमा उल्लेख गरेको छ ।

समितिले प्रस्तुत गरेको प्रतिवेदनको प्रारम्भिक मस्यौदा खण्डको बुँदा २१ मा खाद्यसम्बन्धी हकः (१) प्रत्येक नागरिकलाई खाद्यअधिकार हुनेछ । यो हक प्रत्येक नागरिकलाई प्रत्याभूत गरिएको हक हो । प्रत्येक नागरिकलाई आफ्नो शारीरिक अवस्थाअनुसार सबै अवस्थामा साँस्कृतिक रूपले स्वीकार्य एवम् पोषणयुक्त पर्याप्त खाद्यान्नको आपूर्ति हुनुपर्ने, खाद्यान्नमा सबैको भौतिक पहुँच हुनुपर्ने, खाद्यान्न आर्थिक रूपले सुलभ र सुपथ मूल्यमा प्राप्त गर्नका लागि राज्यले स्वस्थ, सुरक्षित र पोषणयुक्त खाद्यान्नको समुचित सञ्चय, वितरण र यसको प्रभावकारी नियमन समेतको दायित्व निर्वाह गरी प्रत्येक नागरिकलाई जुनसुकै अवस्थामा पनि सुपथ मूल्यमा स्वच्छ, स्वस्थ र पर्याप्त मात्रामा खाद्यान्न उपलब्ध हुने अवस्था र खाद्यान्न प्राप्त गर्न असमर्थ नागरिकहरूको लागि राज्यले खाद्यान्नको समुचित व्यवस्था गर्ने सुनिश्तिचततताको लागि यो व्यवस्था गरिएको छ । (२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ । खाद्यसम्बन्धी अधिकार प्रत्येक नागरिकलाई प्रत्याभूत गरिएको हक हो । खाद्य प्रत्येक व्यक्तिको आधारभूत आवश्यकता भएकोले खाद्यान्नको अधिकारको अभावमा व्यक्तिको जीवन नै जोखिममा परी उसका राजनीतिक, नागरिक तथा अन्य अधिकारहरू पनि प्रत्यक्ष रूपले प्रभावित हुन्छन् । तसर्थ भोकमरी, अनिकाल, महामारी, खडेरी, जस्ता विपत्तिमा समेत खाद्यको अभावबाट कुनै नागरिकले ज्यान गुमाउनु पर्ने अवस्था नहुने कुराको सुनिश्चित गर्दै राज्यले प्रत्येक नागरिकलाई खाद्यान्नको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित रहन पाउने अवस्था सुनिश्चित गर्नका लागि यो हकको व्यवस्था गरिएको छ । (३) प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ । खाद्य सम्प्रभुताको हक मूलतः खाद्यान्न उत्पादन, वितरण तथा नियमनसँग सम्बन्धित हक हो । प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम आफ्नो राष्ट्रिय, सामाजिक आवश्यकताअनुसार तथा आफ्नो विशिष्ट वातावरणीय, सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था अनुरुप कृषि, खाद्य तथा भूमि उपयोगसम्बन्धी विषयहरू निर्धारण गर्ने, आफ्ना रैथाने बीउ बिजनहरू संरक्षण गर्न पाउने, यसका लागि राज्यले प्रभावकारी कानुनी संरक्षणको व्यवस्था मिलाउनु पर्ने लगायतका अधिकारहरू सुनिश्चित गर्न यो व्यवस्था गरिएको छ ।

## संविधान लेखन र खाद्यअधिकार

संविधान देशको मूल कानुन हो । यो सरकारको लागि एउटा निर्देशिका हो । मुलुकको सम्पूर्ण शासन व्यवस्था संविधान र यस अन्तर्गत बनेका कानुनअनुसार संचालन हुन्छन् । यो सरकारलाई शक्ति प्रदान गर्ने र शक्तिमाथि नियन्त्रण लगाउने एउटा हतियार पनि हो । संविधान शासकको अधिकार क्षेत्र र जनताको अधिकारबीच समन्वय स्थापित गर्ने महत्वपूर्ण लिखत हो ।

जनतामूखी संविधान वा जनता स्वयंले बनाएको संविधानले जनतालाई बढिभन्दा बढी अधिकार सम्पन्न बनाएको हुन्छ । संविधानमा मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको प्रत्याभूति गरिनु सभ्य समाज र लोकतन्त्रको परिचायक पनि हो । त्यसकारण अन्य अधिकारका साथसाथै खाद्यअधिकारको प्रावधानलाई आगामी संविधानमा सुव्यवस्थित रूपमा समावेश गर्नु अति आवश्यक छ । किनकि संविधान निर्माण प्रक्रिया अहिले पनि जारी छ। यसका लागि सभासद्हरू बढी जिम्मेवार बनी दायित्व वहन गर्नुपर्ने हुन्छ ।

### खाद्यअधिकारलाई टेवा पुर्‍याउने ऐनहरू

- मानवअधिकार आयोग ऐन, २०५३
- बिरुवा संरक्षण ऐन, २०२९
- गरिबी निवारण कोष ऐन, २०६३
- अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९
- आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण) ऐन, २०४९
- आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०४९
- उपभोक्ता संरक्षण ऐन, २०५४
- कृषि विकास ऐन, २०२४
- खाद्य ऐन, २०२३
- दैवी प्रकोप (उद्धार) ऐन, २०३९
- नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८
- पशु वधशाला र मासु ऐन, २०५५
- बीउबिजन ऐन, २०४५
- भूमिसम्बन्धी ऐन, २०२१
- राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९
- राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ आदि ।

## मानवअधिकार आयोग र खाद्यअधिकार

राष्ट्रिय मानवअधिकार आयोग मानवअधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन तथा प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नका लागि स्थापित एक संवैधानिक अंग हो । यस आयोगको स्वीकारोक्ति छ कि- आयोगका महत्वपूर्ण गतिविधिहरू मूलतः जनताको नागरिक तथा राजनीतिक अधिकारहरूसँग र केही मात्रामा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूसँग केन्द्रित रहन पुगे ।

## मौलिक हकको उल्लङ्घन र उपचार

अधिकार र कर्तव्य एउटा सिक्काका दुईवटा पाटा हुन् । तसर्थ अधिकारको प्रत्याभूति सँगसँगै त्यसको उपभोगको लागि उपचारको प्रभावकारी संयन्त्रको व्यवस्था अनिवार्य मानिन्छ । मौलिक अधिकार राज्यविरुद्ध नागरिकलाई प्राप्त अधिकार हुन् । तत्काल र प्रभावकारी रूपमा उपचार प्राप्त नभएमा त्यसबाट नागरिकको जीवन लगायतका अन्य अधिकार प्रभावित हुन्छन् ।

अधिकारको उल्लङ्घन भएमा उपचारको संयन्त्र मूलतः न्यायपालिका नै हो । मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले व्यक्तिका मानवअधिकारको व्यवस्था गर्दै ती अधिकार प्रचलनको विषय पनि मानवअधिकारकै रूपमा प्रत्याभूत गरेका छन् । मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा ८ ले प्रत्येक व्यक्तिलाई संविधान वा कानुनद्वारा प्रदत्त मौलिक अधिकारको उल्लङ्घन गर्ने कार्यविरुद्ध सक्षम राष्ट्रिय न्यायाधिकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाई हुने अधिकारको व्यवस्था गरेको छ ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ९, १० र १४ ले प्रत्येक व्यक्तिलाई अधिकारको उल्लङ्घन भएमा प्राप्त हुने उपचार, न्यायाधिकरणको सक्षमता र स्वतन्त्रता तथा पुर्पक्ष वा सुनुवाइका क्रममा रहेका व्यक्तिका विभिन्न अधिकार समेतको व्यवस्था गरेको छ ।

सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा ५ (क) ले न्यायाधिकरण तथा न्याय पदान गर्ने अन्य सबै अङ्गहरूका अगाडि जातीय भेदभावविना समान व्यवहार पाउने व्यवस्था छ ।

## सार्वजनिक वितरण प्रणाली

हाम्रो देशको खाद्य सुरक्षामा आवद्ध सार्वजनिक वितरण प्रणाली प्रभावकारी छैन । उत्पादनको स्रोत तथा साधनमा सबैको पहुँच हुन सकेको छैन । खाद्य पदार्थको सार्वजनिक वितरण प्रणाली नेपाल खाद्य संस्थानले संचालन गर्दै आएको छ । दातृ निकायहरूबाट प्राप्त अनुदानको खाद्यान्न समेत भोकमरी र कुपोषणले पीडित समक्ष पुग्न सकेको छैन । खाद्य संस्थानको मूल उद्देश्य समाजको कमजोर वर्गलाई उचित मूल्यमा खाद्यान्न उपलब्ध गराउनु तथा खाद्यान्न जगेडा गर्ने र संकटमा परेकालाई वितरण गर्ने यसको नीति हो । यो कार्य व्यवस्थित हुनसकेको छैन । सबै स्थानमा यातायातको अभाव, किसानको उत्पादनमा मूल्य निर्धारण नहुनु, बजारको व्यवस्था नहुनु, उत्पादनका स्रोतहरूको असमान वितरण जस्ता कारणहरूले खाद्यअधिकारमा प्रतिकूल प्रभाव परिरहेको छ । अनि खाद्य उत्पादन बृद्धि भएर मात्र हुँदैन वितरण पनि उचित र प्रभावकारी हुनु पर्दछ ।

## सुझाव तथा निष्कर्ष

हाम्रो देशका नीति, योजना, संविधान, कानुन आदिले खाद्यअधिकारलाई स्वीकार गरेका छन् । तर ती पर्याप्त र प्रभावकारी छैनन् । बनेका कानून तथा नीतिहरू कार्यान्वयन हुन नसक्दा खाद्य अधिकारको हनन् भैरहेको छ । प्रभावकारी मानवअधिकारमूखी नीतिहरू र अधिकारमा आधारित रणनीतिहरू दायित्व बहनकर्ताले अवलम्बन गर्नुपर्दछ अनि मात्र अधिकारप्राप्तवालाहरूले खान पाउने अवस्था सृजना हुन्छ । खाद्यअधिकारको पूर्ण रूपले प्रत्याभूति हुन निम्न पक्षमा ध्यान दिनु पर्दछ ।

- खाद्य कानुन व्यवस्थित
- वितरण प्रणाली प्रभावकारी
- वकालत तथा तालिम
- सूचना तथा लेखाजोखा
- विधानयन तथा उत्तरदायित्व
- रणनीति र संयोजन
- मापदण्ड तथा अनुगमन
- खाद्य उत्पादन हुने भूमिको उच्चतम उपयोग हुने कानुन

---

(खाद्यअधिकारका लागि राष्ट्रिय संजाल, नेपालले गत जेठ २७, २०६७ मा आयोजना गरेको छलफल कार्यक्रममा प्रस्तुत कार्यपत्र)

# खाद्यसुरक्षाका लागि समुचित विकास

-गेहेन्द्र बहादुर गुरुङ, प्राक्टिकल एक्शन नेपाल

खाद्यसुरक्षा एउटा विकाससँग सम्बन्धित विषय हो। हाल देशका विभिन्न भागहरूमा देखिएका खाद्य सुरक्षाको समस्या विगतका असफल तथा अपर्याप्त विकास कार्यको प्रतिफल हो। तसर्थ खाद्यसुरक्षाको समस्याको समाधानका लागि विकासका गतिविधिलाई सही तवरले योजना बनाई लागू गर्नुपर्ने हुन्छ। समुदायको आवश्यकतामा आधारित विकासका कार्यहरू संचालन नगरेसम्म खाद्यसुरक्षाका लागि हाल अवलम्बन गर्दै आएको राहातमूखी कार्यक्रमले खाद्यसुरक्षाका दीर्घकालिन समाधान गर्न सक्दैन। एउटा आपतकालिन कार्यक्रमको रूपमा बाहेक राहत कार्यक्रमलाई खाद्यसुरक्षाका दीर्घकालिन कार्यक्रमको रूपमा लागू गरिनु हुदैन। अनुभवहरूले पनि के देखाएको छ भने राहतमूखी कार्यले समुदायलाई परनिर्भर बनाउन सक्दछ। यसले स्थानीय उत्पादन तथा अर्थतन्त्रलाई निरुत्साहित गर्न सक्दछ र खाद्यसुरक्षाको भावना विपरित यसले स्थानीय सामाजिक तथा सांस्कृतिक मान्यताहरूमा नकारात्मक असरहरू ल्याउन सक्दछ। खाद्यसुरक्षाको परिभाषाले पनि समुदायमा खाद्यसुरक्षा हुनको लागि एउटा समुचित तथा एकिकृत विकास कार्यक्रमको आवश्यकता पर्दछ।

परिभाषा अनुसार ***"खाद्यसुरक्षा त्यस बेला हुन्छ जब प्रत्येक व्यक्तिले एउटा स्वस्थ तथा क्रियाशील जीवन यापनको लागि, आवश्यक पोषिलो तथा आफ्नो रोजाई अनुसारको, पर्याप्त तथा सुरक्षित खाद्य वस्तु, जुनसुकै बेला भौतिक तथा आर्थिक रूपमा उसको पहुँचमा हुन्छ।"*** यस परिभाषाभित्र खाद्य सुरक्षाका लागि आवश्यक चारवटा खम्बाहरू छन्, ती हुन् १) पर्याप्त तथा पोषिलो खाना हुनु पर्‍यो २) ती खानाको निरन्तर उपलब्ध हुनु पर्‍यो ३) व्यक्तिको भौतिक तथा आर्थिक पहुँच तथा क्षमता हुनु पर्‍यो र ४) उपलब्ध खाद्य वस्तुको उचित वितरण तथा उपयोग हुनु पर्‍यो। यी खम्बाहरूमध्ये विभिन्न जनसमुदायको आफ्नै प्राथमिकता हुन सक्दछ, जस्तै कुनै समुदायको लागि पर्याप्त तथा पोषिलो खाना उपलब्ध हुनु प्राथमिकतामा पर्न सक्दछ भने कुनैको लागि खाद्य वस्तुको निरन्तर उपलब्धता वा भौतिक तथा आर्थिक पहुँच प्राथमिकतामा पर्न सक्दछ। तर खाद्यसुरक्षाको लागि यी सबै खम्बाहरू बराबरी उचाईमा कायम गर्नु अति आवश्यक छ।

खाद्यसुरक्षाका यी खम्बाहरू बराबरी उचाईमा कायम गर्न केही मुलभूत जगहरू पनि छन्। पहिलो जग भनेको ***स्थानीय वातावरण र क्षमताअनुसार स्थानीय कृषि उत्पादनमा बृद्धि गर्नु*** हो। स्थानीय उत्पादनले खाद्य पदार्थमा लक्षित समुदायको भौतिक पहुँच बढाउनुको साथै यसको उपलब्धतालाई निरन्तरता बनाउनमा मद्दत पुर्‍याउँद छ। साथै स्थानीय उत्पादनले आफ्नो रोजाईअनुसारको खाद्य वस्तु उत्पादन गर्नमा पनि मद्दत पुर्‍याउँदछ। यसले सामाजिक तथा सांस्कृतिक मान्यता अनुसारको खाद्य वस्तु उत्पादन गर्नमा लक्षित वर्गको उत्पादनमा नियन्त्रणको हकको सुनिश्चिता पनि कायम गर्दछ।

जहाँ स्थानीय उत्पादनले खाद्यसुरक्षाको आवश्यकता पूरा गर्न सक्दैन, त्यस्तो ठाउँको लागि अर्को जग भनेको ***समुदायको आयआर्जनमा बृद्धि गर्नु*** हो। आय बृद्धिले समुदायलाई खाद्यसुरक्षाको लागि आर्थिक पहुँच बढाउँछ। यसका लागि स्थानीय स्रोत तथा अवसरमा आधारित आयआर्जनमा जोड दिनु पर्दछ। कृषि वा गैरकृषि जे भए पनि स्थानीय बासिन्दाको रोजाई स्थानीय आयआर्जनमा नै जोड दिनुमा नै रहने गर्दछ। स्थानीय स्तरमा आयआर्जनको अवसर पर्याप्त नभएको अवस्थामा, बाह्य स्रोतबाट आय आर्जनका लागि आवश्यता तथा उपर्युक्त अनुसारको सीप विकासमा जोड दिनु पर्दछ।

खाद्य सुरक्षाका लागि ***भौतिक पहुँच*** अर्को जगको रूपमा आउदछ। स्थानीय उत्पादनले खाना अपुग हुने तर स्थानीय बासिन्दाको हातमा आम्दानी छ भने बाह्य स्रोतबाट खाद्य पदार्थ आयत गर्नुपर्ने हुन्छ। यसको लागि भौतिक पहुँचको आवश्यकता पर्दछ। यहाँ उदृत गर्न लागिएको भौतिक पहुँच भनेको यातायात तथा बजारको सुबिधा हो। तसर्थ भौतिक पहुँचको अभावले गर्दा कुनै स्थानको खाद्यसुरक्षामा समस्या छ भने स्थानीय उत्पादन, बजार व्यवस्था तथा वातावरणलाई खलल नपर्ने गरी भौतिक पहुँचको विकास गर्नु पर्दछ। यस्ता भौतिक पहुँचको विकासले स्थानीय उत्पादन तथा बजार व्यवस्थालाई विकास गर्नमा अझ टेवा दिने काम गर्नु पर्दछ न कि निरुत्साहित।

***जन चेतना*** खाद्यसुरक्षाको अर्को महत्वपूर्ण जग हो। यसको लागि सर्वाङ्गिण चेतनाको आवश्यकता पर्दछ। व्यक्ति तथा समदायलाई खाद्यवस्तुको पौष्टिक पक्ष र यसको महत्व, समुदाय तथा परिवारको सदस्य बीच समुचित खाद्य वस्तुको बाँडफाँड आदिको बारेमा जनचेतना जगाउनु आवश्यक छ। खाद्यसुरक्षाको लागि खाद्यवस्तुमा समुदायको अधिकारको अलावा आफ्नो खाद्यसुरक्षा आफै गर्नका लागि उत्पादनको लागि सुहाउदो वातावरण पाउन, सुशासन कायम गर्न, तथा अन्य सहयोगको लागि समुदायको अधिकारको बारेमा जनचेतना जगाउनु पर्ने आवश्यक छ। अधिकार पाउन पहिला त अधिकार नै के हो र के छ भनेर बुझ्न तथा बुझाउन कै लागि जनचेतना जगाउनु आवश्यक छ।

उपर्युक्त सबै उपाय वा जगहरू अपनाउदा पनि कुनै समुदाय वा स्थानको खाद्यसुरक्षा सुनिश्चित नहुने अवस्था भएमा त्यस्ता खाद्यान्न अभाव भएका स्थान वा समुदायको लागि राज्यले

***सुरक्षा कवज*** को व्यवस्था गर्नु पर्दछ । यसका लागि राज्यले ती स्थान वा समुदायलाई खाद्यपदार्थ वा खाद्यवस्तु किन्नको लागि राहत स्वरुप नगद उपलब्ध गर्ने व्यवस्था गर्नु पर्दछ ।

अन्तमा, जनताको खाद्यसुरक्षा सुनिश्चित गर्नु सरकारको कर्तब्य हो । देशभित्रको एउटा पनि व्यक्ति भोकले अकालमा मर्ने अवस्था आउन नदिनु सरकारको जिम्मेवारी हो । राज्यले आफ्नो हरेक प्रयास उपयोग गरेर उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न, जनताको आयआर्जनमा बृद्धि गर्न, खाद्य तथा बजारमा जनताको पहुँच बृद्धिका लागि भौतिक तथा बजारको विकास गर्न, र खाद्यसुरक्षाका लागि जनतामा चेतना अभिबृद्धि गर्नका निमित्त एउटा सौहार्दमय राजनैतिक, आर्थिक, भौतिक, कानुनी, संस्थागत तथा वातावरणको सृजना तथा सुनिश्चित गर्नुपर्दछ । हाल विद्यमान खाद्यसुरक्षाका रणनीति, कार्यनीति, कार्यक्रम तथा क्रियाकलापहरू जनतासामु खुलस्त राख्दै तिनको पूर्ण लागू गर्नु सरकारको कर्तब्य हो । खाद्यसुरक्षाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा जनाइएका प्रतिबद्धताहरू पूर्ण रूपमा लागू गर्नु सरकारको अहम जिम्मेवारी हो । एक वाक्यमा भन्नुपर्दा सरकार जनताप्रति उत्तरदायी हुनु पर्दछ । र अर्कोतर्फ आफ्नो खाद्यसुरक्षा सुनिश्चित गर्न सरकारबाट हरेक सेवा, सुबिधा, सहयोग र वातावरण पाउनु जनताको अधिकार हो, त्यसमा जनता सचेत हुनु पर्दछ ।

तसर्थ खाद्यसुरक्षा विकाससँग गाँसिएको बिषय हो । यसलाई समुच्चित तथा एकिकृत विकासको अभिन्न अङ्गको रूपमा हेरिनु पर्दछ । जहाँ खाद्यसुरक्षा छैन त्यहाँ विकासको आधार हुदैन । सुनिश्चित खाद्यसुरक्षा नै विकासको पहिलो खुट्किलो हो ।

## तरकारीमा पाइने पौष्टिक तत्वहरू र तिनीहरूबाट शरीरलाई हुने फाइदा

१. **कार्बोहाईड्रट :** कोसे तरकारी, सखरखण्ड, पिँडालु , आलु, लसुन, प्याज र मेथी ।

**फाइदा** : शक्ति प्रदान गर्दछ ।

२. **प्रोटिन :** केराउ, सिमी, सागपात, लसुन र ब्रुसेल्स स्प्राउट ।

**फाइदा** : मासुको विकास गर्छ ।

३. **भिटामिन "ए"** : गाजर, सलगम, पालुङ्गो, बन्दा, गोलभेडा, सखरखण्ड, पिँडालु, छिप्पिएको फर्सी, हरियो खुर्सानी, मेथीको साग, प्याजको साग, काउली, र जिराको साग ।

**फाइदा** : आँखाको ज्योति बढाउँछ र आँखामा लाग्ने रतन्धो रोग निको पार्दछ । शरीरलाई चिसो र रुघाबाट बचाउँछ । मृगौलामा पत्थरी हुनबाट बचाउँछ । शरीरको छाला फाट्ने रोगबाट बचाउँछ । गाजरको सेवन गर्नाले क्यान्सर लाग्ने सम्भावना कम हुन्छ ।

४. **भिटामिन "बी" :** बन्दा, गाजर, प्याज, हरियो सागपात, हरियो खुर्सानी र जिराको साग ।

**फाइदा :** खानामा रुची बढाउँछ । शारीरिक तौल बढाउँछ । अल्छी नलाग्ने र काम गर्न मन लाग्छ । शरीरमा नसाको अवस्था सुधार्छ । पाचनक्रियामा सघाउ पुऱ्याउछ । बेरीबेरी भन्ने रोगबाट बचाउँछ ।

५. **भिटामिन "सी", "डी", "इ" :** गोलभेडा, मेथीको साग, पालुङ्गो, जिराको साग, बन्दा र हरियो खोर्सानी ।

**फाइदा :** रुघा खोकीबाट बचाउँछ । रगतलाई सफा पार्छ । रक्तसंचारमा मद्दत गर्छ । दाँतको रोग हट्छ । जोर्नी सुन्निने र बाथको रोग निको हुन्छ । घाउ खटिरा छिट्टै सुक्छ । गिजाबाट रक्तस्राव हुनबाट बचाउँछ । दाँतलाई सड्नबाट बचाउँछ । हाड विकासको लागि आवश्यक छ । शरीरमा शक्ति प्रदान गर्छ ।

६. **फलाम :** गाजर, करेला, प्याज र गोलभेडा ।

**फाइदा :** रगतको मात्रा बढाउँछ । यो तत्वको अभाव भएका रगत कम हुन्छ र जिब्रो, आँखा, छाला पहेँलिन्छ र थकाई लाग्छ ।

७. **क्याल्सियम :** सागपात र सजिवन ।

**फाइदा :** हाडको विकासमा सहयोग पुऱ्याउँछ ।

*साभार : कृषि डायरी, २०६१*

# चेपाङ जातिको खाद्यसुरक्षाको अवस्था

- टंकप्रसाद उप्रेती

भौगोलिक रुपले देशको मध्य भागमा बसोवास गर्ने अति सिमान्तिकृत जातिमा पर्ने चेपाङ जातिले नेपालको कुल जनसङ्ख्याको ०.२३ प्रतिशत हिस्सा ओगटेको पाईन्छ । आफ्नै भाषा, संस्कृति, रहनसहन भएका चेपाङ जाति नेपालको विभिन्न जिल्लामा छरिएर बसोबास गरे पनि २०५८ को जनगणना अनुसार चेपाङ जातिको बसोबासमा सर्वाधिक बाहुल्यता रहेको जिल्ला चितवन नै हो । चितवनका जम्मा ३८ गा.वि.स. हरू मध्ये २५ गा.वि.स.मा फाटफुट बसोबास भए पनि तुलनात्मक रूपमा विकट, दुर्गम र पहाडी ११ गा.वि.स.हरूमा उल्लेख्य संख्यामा बसोबास गरेको पाईन्छ (चितवन जिल्लाको केही गा.वि.स.हरूमा चेपाङहरूको कुल जनसङ्ख्या मध्ये सिद्धि-८४.५%, लोथर ७८%, काउले ५६%, काराक ५२%, शाक्तिखोर ४०%, रहेको छ) । मोटामोटी तथ्याङ्कअनुसार उल्लेख्य जनसङ्ख्या भएका जिल्लाहरूमा क्रमश: चितवन-२१३२३ , मकवानपुर-१५३५३, धादिङ-१०८७८, गोरखा-२२००, गरी जम्मा ५९७६५ को संख्यामा बसोबास गरेको छ । (चितवन जिल्लाको पार्श्वचित्र २०५८, नेपालको पार्श्व चित्र २००७/०८)

यसरी देशको निश्चित जिल्ला वा स्थानमा बसोबास गर्ने चेपाङहरूको खाद्य सुरक्षाको अवस्था समय सापेक्ष निकै दयनीय अवस्थामा गुज्रिरहेको पाइन्छ ।

खाद्य सुरक्षाको परिभाषाअनुसार, व्यक्तिको आफ्नो आवश्यकताअनुसार पर्याप्त, पोषणयुक्त र स्वच्छ खाना सबै नागरिकहरूलाई उनीहरूले चाहेका समयमा उपलब्ध गराउनु राज्यको दायित्व हो । सबै नागरिकहरूलाई उर्पयुक्त खाद्यवस्तु मानवीय मर्यादाका साथ खरिद गर्ने स्रोतमा सदैव आर्थिक तथा भौतिक पहुँच पूर्ण रूपले उपलब्ध भएमा मात्र खाद्यान्नको अधिकार प्राप्त हुन्छ । जसले गर्दा नागरिकहरू निरन्तर सक्रिय र स्वस्थ जीवन निर्वाह गर्न सक्छन् ।

खाद्य सुरक्षाको पक्षबाट हेर्दा चेपाङ जातिको मात्र कुल जनसङ्ख्याको एक प्रतिशत जनसङ्ख्याको मात्र खाद्य सुरक्षाको अवस्था राम्रो रहेको छ । बाँकी जनसङ्ख्याहरू वर्षमा सरदर ३ देखि ५ महिना आफ्नो उत्पादनले खान पुर्‍याउन सक्तैनन् । अझै भन्ने हो भने वर्षमा औषत ३ देखि ५ महिना जंगली कन्दमूल, सागपात, फलफूल र अन्य जंगली जीवजन्तु, चराचुरुङ्गी र माछाबाट जीवन धान्न बाध्य छन् ।

यसरी चेपाङहरूको खाद्य सुरक्षाको अवस्था अत्यन्त कमजोर छ । त्यहाँका बहुसंख्यक चेपाङहरू प्रतिवर्ष खाद्य संकट भोग्दै आएका छन् । उनीहरू आफ्नो खाद्यान्नको आवश्यकता पूरा गर्न यो २१औं शताब्दीमा पनि पौराणिक कालको जस्तो पूरानो औजार साथ लिएर गिट्ठा, भ्याकुर जस्ता जंगली खाद्यवस्तुको खोजीमा जंगल पस्ने गरेको यथार्थ चितवनमा प्रसस्तै पाइन्छ ।

राज्यको जनसङ्ख्या हेर्दा ५५% साक्षरता रहेको देशमा चेपाङहरू १३.९% मात्र साक्षर छन् । स्वास्थ्य शिक्षाको कमीले हालसम्म पनि परंपरागत, रुढिवादी छन् चेपाङहरू ।

देशको मध्य भाग चितवन, मकवानपुर, धादिङ, गोरखा जस्ता जिल्लामा बसोवास गरेपनि यिनीहरूको अवस्था अझै जंगल छेउछाउ बसोबास गर्न मनपराउने वा जंगलमा भरपर्ने र पछौटेपनले नछाडेको अरु जातजातिहरूको भन्दा विलकुल भिन्न प्रकारको जीविकोपार्जन पद्धति, उपचार विधि, स्रोत उपयोग पद्धति आदि पाइन्छ । यिनीहरू जंगलमा वा जंगल छेउछाउ खोरिया फडानी गर्दै घुम्ती खेतीबाली, फिरन्ते जीवनशैलीको अस्थायी प्रकारको बसोबास, दुईचार वर्ष एक ठाउँमा खेतीपाती बसोबास गरेपछि त्याहाँ पाइने जंगली/प्राकृतिक खाद्यस्रोत कन्दमुल कम हुँदै गएपछि अर्को ठाउँमा खेतीपाती बसोबास सर्ने, बसोबास गर्ने घरलाई खासै महत्व नदिने स-साना अस्थायी प्रकारका खर, काठबाट बनेका झुप्रा घरमा बसोबास गर्ने गर्दछन् । उनीहरू आफ्नो जीविकोपार्जनको लागि आफ्नो खेतीबाट आउने उत्पादनले पूरा वर्ष नधान्ने समयलाई विविध महत्व जस्तै खाद्यान्न, आर्थिक, सांस्कृतिक तथा औषधिका साथ आफ्नो तरिकाले प्रशोधन गरी खाद्यान्नको रूपमा प्रयोग गरिने जंगली खाद्य उत्पादनहरू गिट्ठा, भ्याकुर, बाँको, वनतरुल आदि कन्दमूलहरू जंगलमा पाइने सागपातको रूपमा प्रयोग गर्न सकिने बेथेको साग, जलुको, निगुरो, जरिङ्गो, काब्रो, कोइरालो, कुरिलो, लट्टेको साग, लुडेसाग, सिप्लीकाले, सिस्नो, टाँकी, जंगली च्याउ, आदि फलफूलको रूपमा प्रयोग हुने चिउरी, ऐंसेलु, क्यामुना, वडहर पानीअमला, अमला, हर्रो, अमीली, कटुस, काफल, जंगली आँप, जंगली केरा आदि प्रयोग गर्छन् । औषधिमा प्रयोग हुने हाडचुर, बोजो, घोडताप्रे कुरिलो आदि ( स्रोत नेपाल चेपाङ संघ) जस्ता जंगली उत्पादन सजिलै उपलब्ध हुन सक्ने स्थानमा बसोबास गर्न मनपराउँछन् । बहुसङ्ख्यक चेपाङ परिवारहरू वर्षमा साढे तीन महिना जंगली उत्पादनमा भर पर्दछन् । यी माथिका जंगली उत्पादनहरू खाद्य संकट ( अनिकाल) टार्न मात्र नभएर यसको आफ्नै सांस्कृतिक, आर्थिक तथा औषधि उपयोगमा समेत विविध महत्व राख्छन् । यी मध्ये पनि चिउरीको बोटलाई विशेष आर्थिक, साँस्कृतिक महत्वबाट हेर्ने गरेको पाइन्छ । मासुको लागि जीवजन्तुमा माछा, चमेरा, सालक, चराहरू आदिको सिकार गर्ने चलन पनि पाइन्छ ।

राज्यले आफ्ना सबै नागरिकहरूलाई खाद्यसुरक्षाको सुनिश्चितताको लागि उच्च महत्व दिएर नेपालको अन्तरिम संविधान २०६३ मा समेत खाद्यसुरक्षाको अधिकारलाई आधारभूत मानवअधिकार मानेको छ । यस्तो भएपनि चेपाङहरूको लागि उनीहरूको विशिष्ट अवस्थालाई ध्यानमा राखेर खाद्यसुरक्षाको अवस्थामा नीतिगत सुधार गरी त्यसबाट व्यवहारिक आवश्यकतालाई पूरा गराउन सकेको भने छैन । खाद्यान्नको समस्या रहेको स्थान वा समुदायहरू माझ पहिलो प्राथमिकतामा रहेको खाद्यअसुरक्षाको अवस्थालाई सुधार गर्न स्थान विशेषका ठोस योजना तर्जुमा गरी प्रतिबद्धताका साथ

परिणाममूखी कार्यान्वयन नगर्नाले खाद्यसुरक्षाको अवस्था सुधार आउनुको सट्टा झन् खस्कदो छ । जसले गर्दा प्रतिवर्ष खाद्यान्न अभाव, अनिकाल, भोकमरी, भोग्न बाध्य छन् चेपाङहरू । चेपाङ जस्तो दुर्गम र पछाडि परेको समुदायको बसोवास भएको स्थानमा उनीहरूले आफ्नो पुरानो परम्परा नछाड्नु, शिक्षा, स्वास्थ्यको अवस्था निकै पछाडि पर्नु, नयाँ कृषि प्रविधिको प्रभाव नपर्नु, युवा जनशक्ति विदेश पलायन र कृषि पेशाले उचित र सम्मानित पेशाको रूपमा रहिरहन नसक्नु प्रमुख समस्याहरू हुन् । यस अवस्थामा पुरानो उखान "उत्तम खेती, मध्यम ब्यापार, निर्घिनी चाकरी" भन्ने उखानको औचित्यनै बदलिन लागेको त होइन भन्ने प्रश्न खडा भएको छ । यातायातको कठिनाईले कृषि सामग्री र उत्पादित कृषिउपजहरू किनबेच गर्न कठिनाई भोगिरहेको अवस्था छ ।

राज्यको संरचना र राज्य व्यवस्था नै केन्द्रित भएको कारण अति सिमान्तीकृतभित्र पर्ने चेपाङ समुदायको स्रोतमाथिको पहुँच कम छ । अति सिमान्तीकृत चेपाङहरूको लागि नीतिगत तथा व्यवहारिक आवश्यकता अनुसारका योजना बन्न सकेका छैनन् । बनाइएका योजनाहरू पनि कतिपय कार्यान्वयनमा औपचारिकता मात्र सिमित हुने वा कार्यान्वयन नै नहुने गरेको पाइन्छ ।

देशमा दशकौं लामो राजनैतिक अस्थिरता, सशस्त्र द्वन्द्व, संस्थागत भ्रष्टाचार, स्थानीय संस्थाको अनुपस्थिति, कृषिमा संलग्न जनशक्ति विदेश पलायन आदि जस्ता समस्याहरूको प्रभावले खाद्यसुरक्षाको अवस्थामा सुधारभन्दा बिग्रदो गतितर्फ अगाडि बढिरहेको छ । राज्यको जनसङ्ख्यामा साक्षरता ५५ प्रतिशतभन्दा माथि भएपनि चेपाङहरू भने १४ प्रतिशतमा सिमित छन् ।

चितवनको कोराक गा.वि.स. वस्ने गणेशबहादुर चेपाङका एक श्रीमती ३ छोरी र २ छोरा गरी ७ जनाको परिवार छ । उनीहरूको जेठी छोरी ११ वर्ष कान्छो छोरो २ वर्षका छन् । जग्गाजमिन थोरै त्यो पनि उब्जाउ नहुने भएकोले उनीहरूलाई खाद्यान्न संकटले प्रत्येक वर्ष सताउँछ । तसर्थ आफ्नो परिवारको खाद्यान्न आवश्यकता पूरा गर्न पौषको महिना पनि (खासै अनिकाल पर्ने महिना होइन ) पौराणिक कालका जस्ता फलामका गिट्ठा भ्याकुर खन्ने औजार (चि.नं. १) बोकेर घरमा साना भाइबहिनी बाखा/पाठाको रेखदेखको जिम्मा ११ वर्ष कि छोरीलाई छाडेर श्रीमान् श्रीमती दुबैजना गिट्ठा भ्याकुरको खोजीमा जंगल पसेको खुद हामी आफैले देखेका थियौं । उनीहरूका अनुसार जंगलमा पनि पहिलाको जस्तो गिट्ठा, भ्याकुर आदि जंगली खाद्यउपज पाइदैन । २०/३० किलो कन्दमूल खोज्न दिनभरीमा पनि मुस्किल पर्छ । उपलब्ध भएको गिट्ठा, भ्याकुर पनि भीर, पहरा, ढुंगाको चेपमा पाइन्छ । खनेर लिन कठिन हुन्छ । यसरी प्राप्त जंगली खाद्यवस्तुलाई घरमा लैजाने बिक्रीकै प्रशोधन नगरिकन खानयोग्य हुँदैन भने उता छोराछोरी भोकै हामीलाई पर्खेर बसेका हुन्छन् । यो यथार्थताले उनीहरूको खाद्यसुरक्षाको अवस्था कस्तो छ भन्ने कुरा जान्न त्यति गाह्रो पर्दैन होला ।

चेपाङ जातिहरू तथा अन्य दुर्गम ग्रामीण क्षेत्रमा बसोबास गर्नेहरूको खाद्यसुरक्षा तथा खाद्यसम्बन्धी अधिकार हालसम्म बनेका खाद्यसम्बन्धी कुनै लिखित राष्ट्रिय, अन्तराष्ट्रिय अधिकारमूखी दस्ताबेज, समभ्रूदारीपत्र, खाद्यान्न सहयोग आपूर्ति गर्ने विश्व खाद्य कार्यक्रम, नेपाल खाद्य संस्थान आदि जस्ता कुनैले पनि व्यवहारिक रूपमा उल्लेखनीय राहत पुऱ्याउन सकेका छैनन् । तर पनि सैद्धान्तिक रूपमा बिभिन्न प्रकारका स्थानीय, राष्ट्रिय, अतराष्ट्रिय खाद्यअधिकारमूखी संघसंस्थाहरूले अधिकारका लागि बैठक, गोष्ठि, सेमिनार, अगुवाई, बहस, पैरवी, प्रतिबेदन तयार आदि बिषयमा भने सफलता प्राप्त गरेकै छन् ।

**स्रोतहरू :**


- २०६५ पौष १८ गते चितवनको कोराक गा.वि.स.को भ्रमणका क्रममा लोथर खोलाको बाटोमा भेट भएका अद्बैंसे उमेरका गणेशबहादुर चेपाङ र उनकी श्रीमतीसँग भएका कुराकानी ।
- यो लेख २०६५ मंसिरदेखि चैत्रसम्म विभिन्न समयमा चितवन जिल्लाको मुख्य चेपाङ वस्ती लोथर, सिद्धिकोराक, शक्तिखोर, पिप्ले कविलासको भ्रमणमा भएको अवलोकन, भेटघाट तथा छलफल गर्दा देखे भोगेको वा प्राप्त जानकारी ।
- नेपालमा खाद्य सुरक्षा अनुगमन प्रणाली ।
- आदिवासी जनजातिसम्बन्धी व्यवस्था, राष्ट्रिय योजना आयोग ।
- खाद्य सम्प्रभुताः अवधारण र चुनौति, प्रेम दंगाल ।
- चितवन जिल्लाको पार्श्वचित्र २०५८ र नेपालको पार्श्वचित्र २००७/०८


## नेपालमा वर्गिकृत गरिएका दलित, आदिवासी जनजातिहरुको विवरण

**अ) दलितभित्र पर्ने जातिहरूः**

१. लोहार, सुनार, कामी, दमाई, सार्की, बादी, गाइने, कसाई, कुम्ले, भ्रुले, च्यामे, पोडे, चमार, धोवी, पासवान, तम्मा, डोम, वातर, खत्वे, मुसहर, सन्थाल, सतार र हलखोर ( **जम्मा २३)**

**आ) नेपाल आदिबासी जनजाति महासंघद्वारा वर्गिकृत जनजातिहरूः (जम्मा ५९ मध्ये )**

**क) लोपोन्मूख समूह :** कुसुण्डा, बनकारिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुशबाडिया **(जम्मा १०)**

**ख) अति सिमान्तीकृत समूह :** माझी, सियार, शिङ्सा, थुदाम, धानुक, चेपाङ, सतार (सन्थाल), झाँगड, थामी, बोटे, दनुवार र बरामु **(जम्मा १२)**

**ग) सिमान्तीकृत समूह :** सुनुवार, थारु, तामाङ, भुजेल, कुमाल, राजवंशी, गन्गाई, धिमाल, भोटे, दराई, ताजपुरिया, पहरी,तोक्पेगोला, फ्रि, मुगाल, लार्के, ल्होपा, दुरा, डोल्पो र वालुङ **(जम्मा २०)**

**घ) सुविधा बञ्चित समूह :** गुरुङ, मगर, राई, लिम्बु, छैरोतन, तावे, तिनगाउँले, थकाली, बाह्र गाउँले, मार्फाली थाकाली, शेर्पा, याक्खा, छन्ताल, जिरेल, ब्याँसी, ह्योल्मो **(जम्मा १५)**

**ङ) उन्नत समूह :** नेवार, थकाली **(जम्मा २)**

# वर्णशंकर मकै र भोका किसान

*-निर्मल गदाल र सीता तिवारी, फियान नेपाल*

बारा पर्सा, सर्लाही, रौतहट, नवलपरासी, मोरङ र झापा जिल्लामा गरी करीब ३७,००० हेक्टर क्षेत्रफलमा लागाइएको वर्णशंकर मकैमा दाना नलाग्दा यस वर्ष हजारौं साना तथा ठूला किसानहरू प्रभावित भएका छन् । उसबाट करोडौंको क्षति भएको छ । बारा जिल्लामा वर्णशंकर मकैको खेती विगत दस वर्षदेखि भइरहेको छ । वर्णशंकर जातको मकै भित्रिएपछि यी क्षेत्रको मकैको उत्पादकत्व औषतमा प्रति हेक्टर २.५ टनबाट बृद्धि भई १०.५ टन भएको छ । मकै यी जिल्लाहरूमा मुख्य नगदेबालीको रूपमा उत्पादन गरिन्छ र विगत केही वर्षदेखि बारा लगायत तराइका धेरै जिल्लाहरूमा आम्दानीको मुख्य स्रोत हुँदै आएको छ ।

यहाँका किसानहरूले भारतमा अवस्थित मोनोसान्टो, पायोनियर, बायोसिड जस्ता विश्व विख्यात बहुराष्ट्रिय बीउ कम्पनीहरूबाट उत्पादित र वितरित विभिन्न वर्णशंकर जातका वीउहरूको प्रयोग गर्ने गरेका छन् । यो वर्ष पनि तिनै कम्पनीका ( पायोनियर कम्पनीका 30V92, 30B07, 30B11, 30B30, ट्रोपिकल कम्पनीको TCS 9696, नुजिभिदु कम्पनीको सन्ध्या-NMH 666, सिड्टेक कम्पनीको सुपरप्रिन्स भिस्को र मन्सान्टो कम्पनीको पिनाकल, 9081, 900M Gold आदि) वीउहरू प्रयोग भएका थिए ।

मकै उत्पादनबाट आफ्नो दैनिक गुजारा चलाइरहेका किसानहरूले मकैमा दाना नलाग्दा ठूलो मार खेप्नु परेको छ । मकै बिक्रीबाट भएको आम्दानीबाट छोरीको विहे गर्ने, ऋण तिर्ने जस्ता योजना बनाएका किसानहरूको सपना चकनाचूर भएको छ । अधियामा खेती गर्नेहरूले अधिया तिर्न त परै जाओस दैनिक छाक टार्न पनि नसक्ने अवस्था आएको छ । **अर्काको जग्गा ठेक्कामा लिएर जोत्नेहरूले कसरी जग्गाधनीलाई तिर्लान् र आफू भोकमरीबाट मुक्त हुन पाउने अधिकारको प्रत्याभूति होला ?** यो एउटा गम्भिर प्रश्न हो । यसले त्यस क्षेत्रका किसानहरूको खाद्य अधिकारको हनन् भई खाद्यसुरक्षाको अवस्था ज्यादै नाजुक भएको छ ।

यस सम्बन्धमा वीउ कम्पनीहरूले तापक्रम न्यून (जलवायु परिवर्तन) भएको कारण देखाई जिम्मेवारीबाट पन्छेका छन् भने कृषि तथा सहकारी मन्त्रालयले समेत मौसम परिवर्तनको कारणले बाली असफल रहेको बहुराष्ट्रिय कम्पनीको तर्कलाई सहमति जनाउँदै यसलाई प्राकृतिक विपत्तिका रूपमा स्वीकारेको छ । तर किसानहरू भने यसरी सम्पूर्ण बाली असफल हुनुमा गुणस्तरहीन वीउ नै मुख्य कारण रहेको दाबी गर्दछन् । आफूहरूको वर्षौंदेखिको अनुभवलाई बेवास्ता गरी जलवायु परिवर्तनलाई दोष दिई सरकार र वीउ कम्पनीहरू जिम्मेवारीबाट पन्छिन खोजेको कृषकहरूको आरोप छ । तर सरकार भने यसको खास कारण पत्ता लगाउनतर्फ अग्रसर देखिदैन । अध्ययनमा गएको विशेषज्ञ टोलीले वैज्ञानिक अनुसन्धान नगरिकनै जलवायु परिवर्तनको कारण देखाई आफ्नो कार्य पूरा गरेको छ ।

यसरी आफ्नो लगानी खेर गएपछि किसानहरू स्वतःस्फूर्त रूपमा संगठित भई आन्दोलनमार्फत् सरकारलाई क्षतिपूर्ति र राहतका लागि दबाव दिइरहेका छन् । सरकारबाट घोषित २० करोड रुपियाँको राहतलाई किसानहरूले ज्यादै न्यून भएको भनी मान्न तयार छैनन् र विभिन्न खालका आन्दोलनका कार्यक्रमहरू अघि बढाइरहेका छन् ।



*बन्जारियामा उत्पादित दानारहित मकैका घोघाहरू*

यति ठूलो क्षेत्रफलमा लगाइएको बाली नष्ट भएर जानु कृषकको मात्र नभई सम्पूर्ण देशको लागि मानव सृजित प्रकोप हो, जसको कारण करोडौंको क्षति भएको छ । अहिलेसम्मको सरकारी प्रतिक्रया हेर्दा यो घट्नालाई सामान्य रूपमा मात्र लिइएको छ र यो खाद्यअधिकार उल्लङ्घनको भयावह स्थिति हो भनी स्वीकारेको छैन । यस घटनालाई केलाएर हेर्दा वर्णशंकर जातको मकैको वीउ सरकारी स्तरबाट Maize Mission कार्यक्रम अन्तरगत कुनै पनि कानुनी प्रक्रिया पूरा नगरी भित्र्याइएको पाइन्छ । यी कम्पनीहरू नेपालमा दर्ता पनि भएका छैनन् । विद्यमान वीउ, विजन ऐनको पालना नगरी किसानलाई यो अवस्थामा पुऱ्याई सरकारले **संरक्षण गर्नुपर्ने दायित्वको ठाडो उल्लङ्घन** गरेको छ । त्यसैगरी यसरी खेती गरिएका बालीको अनुगमन सरकारी तवरबाट भएको पाइएको छैन । अझै दुःखलाग्दो कुरा त के छ भने क्षति भइसकेपछि समयमै राहत उलब्ध नगराई **परिपूर्ति गर्ने दायित्वको पालन गर्न पनि सरकार चुकेको छ** । हरेक नागरिकले भोकमरीबाट मुक्त हुन पाउने अधिकारबाट बञ्चित भएका छन्, मकै खेती गर्ने तराईका किसानहरू यतिखेर ।

यस्तो स्थिति कुनैपनि बेला आउन सक्ने पूर्वानुमान हुँदाहुँदै पनि सरकारले सतर्कता नअपनाएको र पूर्वतयारी नगरेकाले आज यस्तो भयावह अवस्था आएको हो र भविष्यमा पनि यस्ता

अवस्थाहरू आउने निश्चित छ । त्यसैले विद्यमान वीउ विजन ऐनको कार्यान्वयन र आवश्यकता अनुसार परिमार्जन गरी अनधिकृत रूपमा भित्रने वीउको नियन्त्रण गरी यस्ता घट्ना दोहोरिन नदिन सरकार अग्रसर हुनु पर्दछ । यसका साथसाथै वर्णशंकर वीउ प्रयोगका विषयमा कृषकहरू पनि सचेत हुनु आवश्यक छ । तत्कालका लागि सबैभन्दा महत्वपूर्ण कार्य भनेको विशेषज्ञहरूबाट अध्ययन अनुसन्धान गरी मकैमा दाना नलाग्नुका कारण पत्ता लगाउनु र प्रभावित किसानहरूलाई यथासक्य छिटो राहत दिनु हो ।

*(फियान नेपाल र खाद्यअधिकारका लागि राष्ट्रिय सञ्जाल, नेपालको एक टोलीले २०६६ चैत्र १४ देखि १६ सम्म बारा जिल्लाको प्रभावित क्षेत्रको भ्रमण गरेको थियो) ।*



*मकैको निरीक्षण गर्दै टोलीका सदस्यहरूका साथमा आर.टि.एफ.एन.का राष्ट्रिय कार्यक्रम संयोजक । फोटो सुरेन्द्र कुर्मी*

## नाक छोपेर हिंड्नु पर्दैन अब सुन्दरगाउँमा

तातोपानी गा.वि.स. जिल्ला सदरमुकाम खलंगादेखि ५ कि.मि. टाढा पर्दछ । सि.एच.डी. जुम्लाले अक्सफाम जीविकोपार्जन सहयोगमा खानेपानी, सरसफाई र स्वास्थ्यसम्बन्धी कार्यक्रम वडा न. ५ सुन्दरगाउँ र दंगीबडामा सञ्चालन गरेको थियो । यो कार्यक्रमको सञ्चालनपछि बासिन्दाले सुधारिएको चुलो र शौचालय प्रयोग गर्न थालेका हुन् ।



*सुन्दरगाउँकी एक महिला आफनो शौचालय अगाडि*

कुनैपनि सरकारी तथा गैरसरकारी संस्थाले यस्ता कार्यक्रम संचालन गरेका थिएनन् भन्नुहुन्छ केउडी नेपाली । ५५ घरधुरी दलित रहेको सुन्दरगाउँ अत्यन्त पिछडिएको, अशिक्षा र अभावले ग्रस्त गा.वि.स.हो । दिनभर अभिभावकहरू बच्चाहरू छोडी काममा जानुपर्ने बाध्यता भएकोले बच्चाहरूको स्वास्थ्य अत्यन्त कमजोर हुन्छ, भन्छिन् उनी ।

सि.एच.डी. जुम्लाले अक्सफामको सहयोगमा खानेपानीको धारा र शौचालय निर्माणमा ५५ वटा शौचालय र २ वटा धाराहरू निमाण भएका छन् । अहिले हाम्रो गाउँ निकै परिवर्तन भएको छ । पहिले हामी शौचालय प्रयोग गर्न साह्रै हिचकिचाउँथ्यौ, केही पुरुषहरूले मात्र प्रयोग गर्थे । अहिले सबैले प्रयोग गर्छन् । आत्मसम्मान एवं शौचालय प्रयोगले हाम्रो गाउँलाई सफा, स्वच्छ रहन गौरबको महसुस गराएको छ । कुनैपनि मानिसले सम्मान र अवसर पायो भने उ परिवर्तन हुन तयार हुन्छ, भन्नुहुन्छ केउडी नेपाली ।

तीन महिना पहिले यहाँको स्थिति एकदमै दयनीय थियो । नाक बन्द नगरी हिंड्न सकिन्नथ्यो । अहिले गाउँ स्वच्छ बनेको छ । फोहोर गर्नेलाई सजाय दिइन्छ । महिनाको एक पटक सबै मिलेर गाउँ सफा गर्छन् । अब सि.एच.डी.ले महिलाकेन्द्रित चेतनामूलक तथा आयस्रोत बृद्धि कार्यक्रम संचालन गर्न जरुरी छ । यस्तोखाले कार्यक्रमहरू दुई वर्षभन्दा कम समयको हुनु हुदैन । सि.एच.डी.ले निर्माण गरेको आमा समूहले सक्रिय रूपमा काम गरेको हेर्न चाहन्छु, भन्नुहुन्छ कमला डांगी ।

**नयाँ बन्ने संविधानमा खाद्यअधिकार, खाद्यसुरक्षा र खाद्यसंप्रभुतालाई मौलिक हकको रूपमा सुनिश्चित गरौं ।**

# एकीकृत बाली शत्रु व्यवस्थापन कार्यक्रम (आइ.पि.एम.)

एकीकृत बाली शत्रु व्यवस्थापन बाली बिरुवाका शत्रुहरू ( रोग, कीरा, झारपात, चरा, मुसा आदि) लाई आर्थिकरुपले न्यायोचित एवं पर्यावरणीय दृष्टिकोणले दिगो रूपमा बाली संरक्षण गर्ने एक विधि हो । यसमा एक भन्दा बढी नियन्त्रण विधिको प्रयोग गरिन्छ जसले गर्दा रासायनिक विधिको प्रयोगमा कमी आउँछ ।

एकीकृत व्यवस्थापनका मुख्य सिद्धान्तहरू : १. स्वस्थ बाली उब्जाऔं २. खेतबारीको नियमित अवलोकन गरौं ३. कृषकहरूलाई दक्ष बनाऔं ४. मित्र जीवहरूको संरक्षण गरौ

## एकीकृत बाली शत्रु व्यवस्थापन विधिहरू :

१. **कीरा अवरोध जातको प्रयोग** (Resistant varieties) : कीराले नोक्सानी नहुने वा कम हुने जातको प्रयोग गर्ने ।

२. **कृषि कर्ममा आधारित तरिका** (Cultural method) : बालीचक्र, बीउ छर्ने वा रोपाइ गर्ने समयको हेरफेर, खेतको सरसफाई, उचित खनजोत, बाली कटानी पछि अवशेष नण्ट गर्ने ।

३. **जैविक तरिका** (Biological control method) : परजीवी एवं शिकारी कीराका साथै विभिन्न जीवाणु जस्तै व्याक्टेरिया (वि.टी.), फंगस, भाइरस (एन.पि.बि.) र निमाटोडको प्रयोग ।

४. **आकर्षक रासायनिक पदार्थको प्रयोग** (Chemical attractants) : विभिन्न आकर्षक रासायनिक पदार्थ जस्तै : मिथाइल युजिनल, क्युलिएर र विभिन्न फेरोमेन जस्तै : हेलीलुर स्पोरडोरलुर आदिको प्रयोग ।

५. **हर्मोनको प्रयोग** : विभिन्न हर्मोन जस्तै आप्लोरको प्रयोग ।

६. **विषादिको प्रयोग** (Chemical control method) : अन्य विधिहरूले नियन्त्रण नभएमा उपयुक्त विषादीको सावधानीपुर्वक प्रयोग गर्ने ।

## नेपालमा कृषकहरूले अपनाइसकेका केही आई.पि.एम. प्रविधिहरू :

- नीम, टिमुर, बोझो, तितेपाती, ज्वानु, तोरीको तेल प्रयोग गरी अन्न भण्डारणमा रोग किरा नियन्त्रण ।
- काठको धुलो, गहुत, साबुनपानी, सुर्तीको झोल प्रयोग गरी तरकारी बालीको किरा नियन्त्रण ।
- सुन्तला जात फलफुलको औसा किरा नियन्त्रणको लागि एपलीलिनस माली परजीवीको प्रयोग ।
- इपिल इपिलको सिल्लालाई कीरा नियन्त्रणको लागि लेडी वर्ड वीटलको प्रयोग ।
- धानको गन्हाउने पतेरो नियन्त्रणको लागि बाघे खपटे कीराको प्रयोग ।
- लहरे तरकारी बालीको फल कुहाउने औंसाको लागि क्युलियर फेरोमेन ट्र्यापको प्रयोग ।
- वनमारा झारमा गाँठो बनाउने परजीवी कीरा गलफ्लाईको प्रयोग ।

*साभार : कृषि डायरी, २०६१*



*आइ.पी.एम. तालिममा सहभागीहरू*

## थामी समुदायको उत्पत्ति र अहिलेको अवस्था

**टेकबहादुर थामी, जनसीप,, दोलखा**

इतिहास केलाउने हो भने थामी समुदायको उद्गम स्थल दोलखा रहेको पाइन्छ । यहाँ रहेका पाटी, पौवा, मन्दिरहरूमा पाइने शिलालेख थामी भाषामा पाइन्छ । इतिहासको कालखण्ड नियालेर हेर्दा परापूर्वकालमा थामी राजाले राज्य संचालन गरी विभिन्न ठाउँमा बस्ती बसालेको प्रसस्त प्रमाणहरू दोलखा जिल्लामा अहिले पनि पाउँन सकिन्छ । पहिले त्यसरी राज्य संचालन गरेतापनि वर्तमान परिस्थितिमा थामी समुदायको अवस्था अत्यन्त नाजुक रहेको छ । सामाजिक परम्परालाई अगाल्ने क्रममा उनीहरू राज्यको संयन्त्रबाट आर्थिक, राजनैतिक, सामाजिक पक्षमा धेरै टाढा पछि परेका छन् । उनीहरूको अवस्था शून्य नै छ भन्दा पनि हुन्छ । औसत साक्षरता प्रतिशतभन्दा पनि कम साक्षर उनीहरू समाजको हरेक पक्ष बाट प्रताडित छन् ।

## वातावरण सुधार समाज, सुर्खेत

# जनस्वास्थ्य तथा आधारभूत जीविकोपार्जन सहयोग परियोजना

## १. व्यूरेनी साना सिंचाई आयोजना

**ठेगाना :** पोखरीकांडा ४ व्यूरेनी ।

**कार्यक्रमको छोटकरी विवरण :**

संस्थाले तय गरेको निश्चित गा.वि.स.का समुदायमा स्वास्थ्य तथा जीविकोपार्जनको एकिकृत कार्यक्रम संचालन गर्ने नीति लिएकोमा सोही अनुसार साना सिंचाई कार्यक्रम उपलव्ध गराई समुदायमा तरकारी उत्पादन गर्न र आयआर्जनमा सहयोग पुर्‍याउन यो क्रियाकलाप संचालन गरिएको हो ।



*व्यूरेनी साना सिंचाई आयोजना अन्तरगत निर्मित सिंचाई कुलो*

**कार्यक्रमवाट लाभान्वित वर्गहरू** :

समुदायका ब्राम्हण क्षेत्री ४५, जनजाति १ र पेशागत ३५ गरी ८१ घरधुरीका ५३६ जना प्रत्यक्ष लाभान्वित ।

**कार्यक्रम संचालन हुनुभन्दा पहिला कस्तो अवस्था थियो ?**

२०४६ पूर्व जंगलै जंगल भएको फाट्ट फुट्ट वस्ती रहेकोले त्यस समुदायमा सिंचाईयोग्य जमिन बन्ला भनेर कसैले सोंचेका पनि थिएनन् । आफ्नो सानो लगानीबाट नजिकको खोलाबाट कुलो कटाई समुदायसम्म सानो कुलो भित्र्याएको समुदायमा २०५९ सालमा सिंचाई पोखरीको निर्माण गरी काम चलाउ सिंचाई गरिरहेकामा वातावरण सुधार समाजले कार्यान्वयन गरेको सहकार्य एस.पी.जे.पी. परियोजना अन्तरगत करीब १३ लाखको लागतमा निर्मित खानेपानी तथा सरसफाई आयोजनाको ट्याङ्कीबाट ओभरफ्लो भएको र रातभर खेर जाने पानीलाई संकलन गरी तरकारी खेती गर्न सकिने विकल्प सहित FYM तालिम तथा वीउवीजन सहयोग क्रियाकलाप अन्तरगत समुदायमा भएको छलफलका आधारमा समुदायको माग तथा आवश्यक्तामा आधारित भएर पोखरीकांडा ४ व्यूरेनीका उत्पादन समूहले तरकारी खेती गर्ने जमिन भएको तर सिंचाईको लागि विकल्पको रूपमा रातभरी खेरजाने खानेपानीलाई सिंचाई पोखरी निर्माण गरी पानी संकलन गरी यसबाट तरकारी खेती गर्ने र आम्दानी बढाउने प्रतिबद्धता र सोंच गरे बमोजिम संस्थामा निवेदन पेस गरे बमोजिम यो सिंचाई आयोजना संचालन गर्न जनस्वास्थ्य तथा आधारभूत जीविकोपार्जन सहयोग परियोजना (फेबल्स) अन्तरगत साना सिंचाई क्रियाकलापबाट आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिएको थियो ।

**कार्यक्रम संचालन गर्दा गरिएका सहयोगहरू :**

- रु. ५०००० बराबरको आयोजना निर्माणका लागि सामग्री तथा आर्थिक सहयोग ।
- आयोजनाको डिजाईन तथा स्टिमेट निर्माण सहयोग ।
- प्राविधिक तथा अनुगमन निरीक्षण सहयोग ।

**कार्यक्रमबाट भएको ठोस उपलब्धिहरू :**

- १५० हेक्टर जमीनमा सिंचाई सुबिधा उपलब्ध ।
- समुदायका ४५ प्रतिशत कृषक तरकारी खेतीतर्फ उत्साहित ।
- २ बाली तरकारी खेती गरेर वार्षिक आयमा कम्तिमा रु. ६००० देखि ११००० रुपयाँसम्म खुद मुनाफा भएको ।
- आम्दानीबाट घरखर्च, केटाकेटीको लागि विद्यालय पोशाक, कापी किताब आदि व्यवस्थापन ।
- समुदायमा रहेको सहकारीमा कम्तिमा रु. ६००० सम्म वार्षिक जम्मा आदि ।

## २. सहकारीको क्षमता अभिबृद्धि

**ठेगाना :** पोखरीकांडा ४ व्यूरेनी ।

**कार्यक्रमको छोटकरी विवरण :**

संस्थाले गतवर्ष संचालन गरेको जनस्वास्थ्य तथा आधारभूत जीविकोपार्जन सहयोग परियोजना अन्तरगत समुदायमा रहेका उत्पादन समूहलाई बचत तथा ऋण सहकारी संस्थाको रूपमा दर्ता गरी आवश्यक सामग्री तथा तालिम आदिको व्यवस्थापन



*सहकारीको क्षमता अभिबृद्धि तालिम/बैठक*

गरेकोमा त्यसैको निरन्तरता र थप क्षमता विकासका लागि हिसाब किताब राख्ने तौरतरिका र सहकारीहरूको वार्षिक लेखा परीक्षणका लागि आवश्यक सहयोग उपलब्ध गराउने ।

**कार्यक्रमबाट लाभान्वित वर्गहरू :**

समुदायका ब्राम्हण क्षेत्री ५६, जनजाति ११ र पेशागत ६ गरी ७३ घरधुरीका ३७८ जना प्रत्यक्ष लाभान्वित ।

**कार्यक्रम संचालन हुनु भन्दा पहिला कस्तो अवस्था थियो ?**

संस्थाले आफूले काम गर्ने गा.वि.स. तथा समुदाय छनौट गरी प्राथमिकता छुट्याई सकेपछि गरेको सामुदायिक छलफलका आधारमा गाउँ गाउँमा विभिन्न संघ संस्थाले गठन गरेका साना साना उत्पादन तथा आमा समूहहरू जसले सामान्य अनियमित बचत र त्यसको पनि नियमित लेखाजोखा तथा हिसाब किताब समेत नभएको र समूहहरू रहे नरहेको बारेमा सदस्यहरू समेतलाई जानकारी नभएको व्यवस्थित कागजात नरहनु जस्ता समस्याहरू हेर्दा सामान्य तर सामाजिक आर्थिक सशक्तिकरणका लागि समुदाय परिचालन र संगठन निर्माणका लागि सहकारी संस्था स्थापना गरी सबैलाई त्यसमा आबद्ध गराई तिनीहरूको क्षमता अभिबृद्धि गर्नुपर्ने आवश्यकता महसुस गरी त्यसका लागि लगानी गरेको हो ।

**कार्यक्रम संचालन गर्दा गरिएका सहयोगहरू :**

- संस्था संचालनका लागि तालिम तथा सामग्री सहयोग ।
- प्राविधिक तथा अनुगमन निरीक्षण सहयोग ।
- वार्षिक लेखा परीक्षणका लागि परामर्श सहयोग ।

**कार्यक्रमबाट भएको ठोस उपलव्धिहरु :**

- नियमित खातापाता हिसाबकिताब दुरुस्त रहनु ।
- समुदायको सानो पुँजीको कम व्याजदरमा ऋण आफ्नै गाउँघरमा परिचालन हुनु ।
- संस्थामा बचत नियमित हुनु ।
- अन्य विकास बैंकहरूवाट संस्थालाई आवश्यक कर्जा लिन सहज हुनु ।

## ३. सामुदायिक वीउ बैंकको स्थापना

**ठेगाना :** सहारे गा.वि.स. ७ र ८ सुर्खेत ।

**कार्यक्रमको छोटकरी विवरण :**

संस्थाले यसवर्ष संचालन गरेको फेवल्स कार्यक्रम अन्तरगत समुदायमा रहेका उत्पादन समूहलाई स्थानीय स्तरमा अन्न तथा वीउ बैंक स्थापनका लागि आवश्यक ज्ञान दिने अभिप्रायले ५ वटा समुदायमा अवधारणा अनुभव आदानप्रदान गर्ने कार्यक्रम रहेको थियो ।

**कार्यक्रमबाट लाभान्वित वर्गहरू :**

समुदायका ब्राम्हण क्षेत्री १००, जनजाति ५६ र पेशागत १९ गरी १७५ घरधुरीका १७५ जना प्रत्यक्ष लाभान्वित ।

**कार्यक्रम संचालन हुनुभन्दा पहिला कस्तो अवस्था थियो**

समुदायमा उत्पादन गरिने अन्न तथा वीउको उपलब्धता ज्यादै न्यून र भनेको बेलामा अन्न तथा वीउ के कसरी कहाँ पाइन्छ मूल्य कति पर्छ जस्ता कुराहरूको ज्ञान तथा विद्यमान परिस्थितिमा देखिएको खाद्य संकटका लक्षणहरू र त्यसवाट समुदायलाई पर्न जाने असुविधा जस्ता कुराहरूप्रति समुदायको चासो नरहेको ।

जे पर्छ त्यही टर्छ भन्ने समुदायका मानिसहरूको सोंच रहेको थियो ।

**कार्यक्रम संचालन गर्दा गरिएका सहयोगहरू :**

- सामुदायिक अन्न तथा वीउ बैंक स्थापनाका लागि सचेतना गोष्ठी संचालन ।
- वीउ बैंक स्थापनाका लागि नगद सहयोग ।
- विभिन्न समुदायमा अन्न तथा वीउ बैंक स्थापनाका लागि परामर्श सहयोग ।

**कार्यक्रमबाट भएको ठोस उपलव्धिहरु :**

- जि.वि.स., जिल्ला कृषि कार्यालय, गा.वि.स. तथा संस्थाबाट संयुक्त लगानीको विकास भएको ।
- एकवटा वीउ बैंक समुदायस्तरमा धेरै गा.वि.स.लाई सहयोग पुऱ्याउने गरी सहारेमा स्थापना ।
- स्थानीय स्तरमा रहेका विभिन्न अन्न तथा वीउका जात जोगाउन अध्ययन तथा विकास गर्नुपर्ने जस्ता कुराहरूमा समुदायको चासो बढेको ।
- राज्यका सरोकारवाला निकायको पनि अन्न तथा वीउ बैंकमा लगानीका लागि प्राथमिक्ता क्षेत्र निर्धारण भै लगानीको विकल्प खोज्नु ।



*समुदायका सदस्यहरू छलफलमा सहभागी हुँदै*

## ४. खुला दिसामुक्त गाउँ बनाउने सशक्त अभियान

**ठेगाना :** मालारानी र मेहेलकुना गा.वि.स. वडा नं ५ र ६ ।

**कार्यक्रमको छोटकरी विवरण :**

संस्थाले यसवर्ष संचालन गरेको फेबल्स कार्यक्रम अन्तरगत समुदायमा साना खानेपानी तथा सरसफाईका क्रियाकलाप अन्तरगत २ वटा समुदायमा संचालन गरेको समुदायको अगुवाईमा सबैका लागि सरसफाई अभियान विषयक समुदाय स्तरमा तालिम तथा अभियान संचालन गरी चेतना फैलाई सरसफाई आचरणमा सुधार ल्याउने ।



*सरसफाई सचेतना गोष्ठी गोष्ठीमा सहभागी विद्यार्थीहरू*

**कार्यक्रमबाट लाभान्वित वर्गहरू :**

समुदायका ब्राम्हण क्षेत्री ८०, जनजाति ३८ र पेशागत ६५ गरी १८३ घरधुरीका ८९ महिला र ९३ पुरुष गरी १८२ जना प्रत्यक्ष लाभान्वित ।

**कार्यक्रम संचालन हुनुभन्दा पहिला कस्तो अवस्था थियो ?**

समुदायमा बाटाघाटा जताततै खुला दिसा पिसाब, नजिकको विद्यालयमा समेत शौचालय नभएको, गाउँका जम्मा १८२ घरधुरी मध्ये ४२ घरमा मात्र अस्थायी र स्थायी शौचालय रहेको, जथाभावी दिसापिसाब गर्न नहुने विषयमा धेरै कम घरपरिवारलाई मात्र जानकारी भएको ।

**कार्यक्रम संचालन गर्दा गरिएका सहयोगहरू :**

- सबैका लागि सरसफाई सचेतना गोष्ठी संचालन ।
- स्थानीय प्राथमिक विद्यालयमा सरसफाई सचेतना कक्षा संचालन ।
- सामुदायिक सरसफाई अभियानका क्रममा महिला पुरुषहरूलाई दिसाको लेखाजोखा गर्न समुदायमा अवलोकन निरीक्षण ।
- स्थानीय विद्यालयहरूलाई जागरण अभियानका लागि बालबालिका परिचालनका लागि नगद पुरस्कार सहयोग ।

**कार्यक्रमबाट भएको ठोस उपलब्धी :**

- अभियान संचालनको १५ दिनभित्र ४२ वटा अस्थायी र १० वटा स्थायी शौचालय निर्माण भएको ।
- १ महिनाभित्र सबै घरधुरीमा अस्थायी शौचालय निर्माण भइसक्ने प्रतिबद्धता व्यक्त ।
- समुदायलाई खुला दिसामुक्त गराउन सामुदायिक कार्ययोजनाको निर्माण तथा ६ महिनाभित्र कार्यान्वयन भैसक्ने प्रतिबद्धता भएको ।
- गाउँ परिषद्मा शौचालय निर्माणका लागि आर्थिक सहयोगको माग गरिएको ।

## ५. साना खानेपानी स्रोत संरक्षण

**ठेगाना :** मालारानी ५ घुमाउने ।

**कार्यक्रमको छोटकरी विवरण :**

संस्थाले आफ्नो कार्यक्षेत्र गा.वि.स. समुदाय तथा स्थानीय विद्यालयमा आधारभूत जनस्वास्थ्यसम्बन्धी चेतना दिई थोरै लागतमा संचालन हुने साना खानेपानी स्रोत संरक्षण योजना निर्माण गरी समुदायका घरधुरीको सफा खानेपानी उपभोगमा पहुँच बृद्धि गर्ने अभिप्रायले यो क्रियाकलाप संचालन गरिएको हो ।

**कार्यक्रमबाट लाभान्वित वर्गहरू :**

समुदायका ब्राम्हण क्षेत्री ११, जनजाति २१ र पेशागत २९ गरी ६१ घरधुरीका ३६४ जना प्रत्यक्ष लाभान्वित ।

**कार्यक्रम संचालन हुनुभन्दा पहिला कस्तो अवस्था थियो ?**

संस्थाले आफूले काम गर्ने गा.वि.स. तथा समुदाय छनौट गरी प्राथमिकता छुट्याई सकेपछि गरेको सामुदायिक छलफलका आधारमा गाउँ गाउँमा आवश्यक खानेपानी सरसफाई योजनाको वस्तुस्थिति अध्ययनबाट देखिएका समस्यालाई सम्बोधन गर्ने क्रममा समुदायमा पानीको स्रोत भएर पनि त्यसको प्रयोग अव्यवस्थित र उचित मर्मत सुधार एवं संरक्षण नभएको, मानिस तथा पशुले एकै स्रोतबाट खुला रूपमा पानीको प्रयोग भै रहेका स्थानीय विद्यालयमा बालबालिकाहरूलाई समेत खानेपानीको उपलब्धता नभएको पानीको लागि करीब आधा घण्टा टाढा जानुपर्ने जस्ता समस्या गाउँघरमा देखिएका थिए ।

**कार्यक्रम संचालन गर्दा गरिएका सहयोगहरू :**

- उपभोक्ता समितिलाई तालिम ।
- समुदायमा सरसफाई अभियान ।
- खानेपानी योजना निर्माणका लागि आर्थिक सहयोग ।

**कार्यक्रमबाट भएको ठोस उपलब्धिहरू :**

- नियमित १२ घण्टा सफा खानेपानीको उपलब्धता ।
- समुदायलाई योजनाको संचालन र दिगोपनाको लागि अपनत्व बढेको । सानो पुँजीको कम ब्याजदरमा ऋण आफ्नै गाउँघरमा परिचालन हुनु ।
- सरकारी निकाय शिक्षा कार्यालयले पनि योजनाका लागि थोरै लगानी सहयोग गरेको ।
- योजनामा सानो लागतले समुदाय तथा विद्यालयका बालबालिकाले पानी खानका लागि टाढा जानु नपरेको ।

## ६. समुदायमा घरदैलो सरसफाई अभियान

**ठेगाना :** मेहेलकुना ६ राताماटा सुर्खेत ।

**कार्यक्रमको छोटकरी विवरण :**

संस्थाले आफ्नो कार्यक्षेत्र गा.वि.स. समुदाय तथा स्थानीय विद्यालयमा आधारभूत जन स्वास्थ्य सम्वन्धी घरदैलो जन चेतना अभियान संचालन गरी व्यक्तिगत सरसफाई, घर आगनको सरसफाई, जुठेल्नो, मचान, फोहोर खाडल आदिको उचित व्यवस्थापन गरी स्वच्छ र सफा समुदाय निर्माण गर्न सहयोग पुऱ्याउँने अभिप्रायले यस प्रकारको क्रियाकलाप संचालन गरिएको हो ।



*सफा खानेपानीको लागि नवनिर्मित ट्याङ्की*

**कार्यक्रमबाट लाभान्वित वर्गहरू :**

समुदायका ब्राम्हण क्षेत्री ३ पेशागत ३९ गरी ४२ घरधुरीका २३४ जना प्रत्यक्ष लाभान्वित ।

**कार्यक्रम संचालन हुनुभन्दा पहिला कस्तो अवस्था थियो ?**

संस्थाले आफुले काम गर्ने गा.वि.स. तथा समुदाय छनौट गरी प्राथमिकता छुट्याई सकेपछि गरेको सामुदायिक छलफलका आधारमा गाउँ गाउँमा आवश्यक खानेपानी सरसफाई योजनाको वस्तुस्थिति अध्ययनबाट देखिएका समस्यालाई सम्बोधन गर्ने क्रममा समुदायमा पानीको स्रोत भएर पनि त्यसको प्रयोग अव्यवस्थित र उचित मर्मत सुधार एवं संरक्षण नभएको, मानिस तथा पशुवस्तुले एकै स्रोतबाट खुला रूपमा पानीको प्रयोग भइरहेका स्थानीय विद्यालयमा बालबालिकाहरूलाई समेत खानेपानीको उपलब्धता नभएको पानीको लागि करीब आधा घण्टा टाढा जानुपर्ने जस्ता समस्या गाउँघरमा देखिएका थिए ।

**कार्यक्रम संचालन गर्दा गरिएका सहयोगहरू :**

- उपभोक्ता समितिलाई तालिम ।
- समुदायमा सरसफाई अभियान ।
- खानेपानी योजना निर्माणका लागि आर्थिक सहयोग ।

**कार्यक्रमकाट भएको ठोस उपलब्धीहरू :**

- नियमित १२ घण्टा सफा खानेपानीको उपलब्धता ।
- समुदायलाई योजनाको संचालन र दिगोपनाको लागि अपनत्व वढेको । सानो पुँजीको कम व्याजदरमा ऋण आफ्नै गाउँघरमा परिचालन हुनु ।
- सरकारी निकाय शिक्षा कार्यालयले पनि योजनाका लागि थोरै लगानी सहयोग गरेको ।
- योजनामा सानो लागतले समुदाय तथा विद्यालयका वालवालिकाले पानी खानका लागि टाढा जानु नपरेको ।



*सफासँग लिपिएको आँगन*

## सरसफाई

स्वस्थ जीवन सफा पानी सुन्दर छ ठाउँ ।
परिवर्तन भइरहेछ कुसापानी गाउँ ॥

घरघरमा शौचालय घरघरमा धारा ।
बाथरुममा नुहाउछन् महिला पुरुष सारा ॥

फोहर फाल्ने खाल्डा बने भाँडा राख्ने चाङ भयो ।
घरआगन वरिपरि वातावरण स्वस्थ भयो ॥

बुधबार महिलाहरू भेला हुने गर्छन् ।
शुद्धपानी पिउनेबारे छलफल गर्ने गर्छन् ॥

बालक्लबले सिठी दिन्छन् खुला दिसा गरे गाउँमा ।
नाम लेखी टासी दिन्छन् सार्वजनिक ठाउँमा ॥

जनस्वास्थ्य प्रबर्द्धकले सरसफाईबारे सिकाउछन् ।
बालक्लबले सरसफाईबारे सिकाउछन् ॥

सहयोग गर्न (आर.आर.एन.) संस्था दैलेखमा आयो ।
गरीब दुःखी सबैको मनमा खुशियाली छायो ॥

-मनिकला गौत्तम
कुसापानी–६ दैलेख

## बाख्रापालन

दैलेखको दुर्गम क्षेत्र कुसापानी गाउँ ।
चरन क्षेत्र प्रसस्त छ रमणीय ठाउँ ॥

धन कमाउन दाजुभाइ विदेशतिर जान्छन् ।
कसैले त घरपरिवार समेतलाई लान्छन् ॥

बेरोजगारी समस्याले विदेश जानु पर्ने ।
काम धन्दा केही छैन गाउँको विकास गर्न ॥

आयआर्जन बृद्धि गर्न बाख्रापालन गरी ।
सहयोग गऱ्यो आर.आर.एन. ले ९५ घरधुरी ॥

घर घरमा बाख्रा पाठा घर घरमा खोर छ ।
बिमारी परे बाख्रा पाठा औषधि उपचार छ ॥

भेटनरी तालिम पाए उपचार गर्नलाई ।
औषधिको व्यवस्था छ समस्या टार्नलाई ॥

उत्पादनमा बृद्धि हुने बाख्राको मलबाट ।
आम्दानीमा बृद्धि हुने खसी बोकाबाट ॥

खसीबोका धेरै पाले गरिबी हट्ने छ ।
बेरोजगारी दाजुभाईको समस्या टर्ने छ ॥

विदेशतिर जानुपर्ने कामधन्दा नपाउँदा ।
घरमै काम मिल्ने भयो सबैले बाख्रा पाउँदा ॥

– ***भवाने कामी***, *चामुण्डा-४, दैलेख*

# जनस्वास्थ्य तथा आधारभूत जीविकोपार्जन सहयोग परियोजना (दैलेख)

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आर.आर.एन) ले दैलेख जिल्लामा करिब एक दशकदेखि जनस्वास्थ्य तथा आधारभूत जीविकोपार्जन कार्यक्रम अर्न्तगत खानेपानी तथा सरसफाई, पशुपालन र खाद्य सुरक्षासम्बन्धी गतिविधिहरू अक्सफाम जिवी नेपालसँगको साझेदारीमा विभिन्न गा.वि.स.हरू (कट्टी, कुसापानी, चामुण्डा, राउतकोट, रुम र बडाभैरव) मा संचालन गर्दै आएको छ ।

खानेपानी तथा सरसफाईको कार्यक्रम अर्न्तगत हजारौं ग्रामीण जनताहरूले शुद्ध सफा खानेपानी पाएका छन् भने शौचालयको निर्माणबाट दिसा पिसाबको राम्रो व्यवस्थापन भई धेरै हदसम्म दिसाबाट सर्ने रोगहरू नियन्त्रणमा सहयोग पुगेको छ । स-शक्तिकरणको माध्यमबाट निमूखा अनुहारका स्वरहरू बाहिर आउन सकेका छन् । हेपिएका पेलिएका जनमानसले आवश्यक परेको बेला र स्थानमा आफ्नो आवाज बुलन्द गर्न सक्ने भएका छन् । आर.आर.एन.ले आयआर्जनको लागि वितरण गरेका बाख्रालाई माइतीले दिएको पेवाजस्तै माया गर्छन् यहाँका महिलाहरू र स्याहारसुसार गरी आफ्नो आम्दानी बढाउन सफल भएका छन् ।

तथापि दैलेखमा कैयन समस्याहरू चुनौतिका रूपमा अझै कायमै छन् । यो जिल्ला अझै खाद्य असुरक्षित जिल्लामा पर्दछ । बिहान बेलुका आफ्नो घरको चुलो बाल्नका लागि यहाँका मानिसले धेरै संघर्ष गर्नु परेको छ । यहाँका पुरुषहरू कामको खोजीमा भारत पस्छन् । आफ्नो बालबालिकाको स्याहारसुसार, लालनपालन र पढाईलेखाईमा ध्यान दिन सकेका छैनन् । आर.आर.एन.ले जोखिममा रहेका सिमान्तीकृत समुदायहरूमा उन्नत कृषि प्रविधिको प्रवेश गराई उत्पादन बढाउने र दीर्घकालिन खाद्यसुरक्षा बढाउने अहम् र गहन उद्देश्यका साथ अगाडि बढेको छ ।

## नमूना बन्दैछ साङखोला

दैलेख जिल्लाको पूर्व भागमा रहेका गा.वि.स.हरूमध्ये कट्टी गा.वि.स. पनि एक हो । भौगोलिक विविधता, सामाजिक, साँस्कृतिक, परम्परावादी मूल्य मान्यता, भौतिक पूर्वाधारको कमी, परम्परागत कृषि प्रणाली उपयुक्त बजारको अभाव, बैकल्पिक रोजगारको खोजीमा भारत पलायन हुनु सम्पन्न पढेलेखेका व्यक्तिहरू गाउँ छोडेर सदरमुकाम र अन्य सुगम जिल्ला पलायन हुनु आदि जस्ता समस्याले यस गा.वि.स.लाई गाँजेको छ ।

आर.आर.एन.ले विगत चार वर्षदेखि यस गा.वि.स.मा काम गर्दै आइरहेको छ । हाल आएर यस गा.वि.स. मा ९५ घरधुरी सिमान्तीकृत वर्गको लागि खानेपानी तथा सरसफाई योजना कट्टी १ र ५ वडामा अन्तिम चरणमा पुगेको छ। जसमा ३५ घरधुरी गैर दलित २३ घरधुरी जनजाति र ४७ घरधुरी दलितको रहेको छ । यस भन्दा अघि यस वडामा विभिन्न सघं संस्थाले काम गरेता पनि यति धेरै प्रतिफल पाएको पहिलो पटक हो भन्नु हन्छ साङखोला खानेपानी तथा सरसफाई उपभोक्ता समितिको कोषाध्यक्ष रत्ना थापा मगर ।

आर.आर.एन.ले यस गाउँमा पशुपालन कार्यक्रम पनि संचालन गरेको छ । जसले यस गाउँलाई थप उर्जा प्रदान गरेको छ । केही रूपमा भए पनि यि मानिसहरू व्यवसाय तर्फ अग्रसर भएका छन । केही व्यक्तिहरूले रोजगार पनि पाएका छन । साँच्चै भन्ने हो भने यो गाउँ अहिले आएर यस गा.वि.स.को नमुना गाउँ बनेको छ ।



*खानेपानीका लागि वर्षे पानी संकलन गर्नका लागि निर्माणाधीन ट्याङ्की*

## खुल्ला दिशामुक्त क्षेत्र गा.वि.स. बन्दैछ बडाभैरव गा.वि.स.

भौगोलिक विकटता भएको वडाभैरब गा.वि.स. दैलेख सदरमुकाम सँगै जोडिएको छ । विशेष गरी ठकुरी, थापा, खड्का, वि.क., नेपाली, खत्री गरी जम्मा ४५० घरधुरीको बसोबास रहेको यस गा.वि.स. मा शिक्षाको कमी, पूर्वाधार विकासको अभाव, विदेशतिर पलायन हुनु जस्ता समस्याहरू रहेका छन् ।



*अब दिशा पसिाव चर्पीमा*

विगत चार वर्षदेखि यस गा.वि.स. मा आर.आर.एन.ले जनस्वास्थ्य अर्न्तगत विभिन्न विद्यालयमा सरसफाई सम्बन्धी क्रियाकलाप सञ्चालन, चर्पी निर्माण, चर्पी निर्माणको लागि सहयोग आदि र जीविकोपार्जन क्रियाकलापमा समूह गठन गरी वीउ पुँजी सहयोग र आयआर्जनमा सहयोग गर्नु रहेको थियो । यस अन्तर्गत जुलाई ३०, २००९ सम्ममा १७५ वटा शौचालय र १४ वटा समूह गठन भएको थियो ।

यस अघि सुरक्षित शौचालयको अभावले गर्दा टोलमा पुग्नको लागि ठूलो अवरोध पार गर्नु पर्थ्यो गाउँ ठाउँमा दिशा हुन्थ्यो, नाक मुख थुनेर हिंडनुपर्ने बाध्यता थियो, भन्नुहुन्छ उत्प्रेरक दुर्गा वि.क. । यस्तै दुनीकेरावारी तथा सरसफाई उपभोक्ता समितिका सचिव टिकाराम वि.क. भन्नुहुन्छ- अहिले मानिसहरू सबै चर्पी बनाउन अग्रसर देखिएका छन् । जनस्वास्थ्य प्राविधिकको प्रयासले सबैले चर्पी प्रयोग गर्नुपर्छ भन्ने कुरा जानकारी पाएका हुन् ।

हाल आएर यस गा.वि.स.मा आर.आर.एन.द्वारा खानेपानी तथा सरसफाई योजना अर्न्तगत २५१ वटा थप नयाँ पक्की चर्पी बनिरहेका छन् । चारजना जनस्वास्थ्य उत्प्रेरक रात दिन खटिएका छन् । यस कार्यक्रम अर्न्तगत यस गा.वि.स. लाई 'खुल्ला दिसामुक्त क्षेत्र'का रूपमा घोषणा गर्न सबै पक्ष अग्रसर देखिएका छन् ।

## भएको छ मलाई लाहुरको अनुभूति

वर्ष ४० का रामबहादुर थापा रावतकोट गा.वि.स. वार्ड नं. ६ निवासी हुन् । आर.आर.एन. संस्थाद्वारा संचालित कार्यक्रम अर्न्तगत कोटेश्वर सामुदायिक समूहमा ०६२ सालमा आबद्ध भएर हालसम्म समूहमा निरन्तर लागिरहेका छन् । छ जना परिवार उनी एकजनाको बाँचिरहेका छन् । परिवारको जिम्मेवारी आफ्नो काँधमा आएपछि कक्षा दशपछि पढाईलाई निरन्तरता दिन नसकेको दुखेसो पोख्दछन्, रामबहादुर । तरकारी खेती गर्ने धेरै इच्छा भएपनि मल वीउ लगायत अन्य खर्चका लागि लगानी गर्न नसक्दा पेशा प्रतिको ईच्छा र चाहनालाई खुम्चाएर राखेको दुखेसो सुनाउँछन् ।

आर.आर.एन.ले २०६२ सालमा कोटेश्वर समूहको सदस्यहरूको जीविकोपार्जनका लागि रु १५,०७८ सहयोग गरेको थियो । हाल उनीहरूको व्यक्तिगत बचत रु. २,२५,००० सम्म रहेको छ । उक्त रकमलाई समूह सदस्यहरूले पालैपालो लिने गर्दछन् । यसै क्रममा २०६४ चैत्र १८ गते रामबहादुर थापाले समूहबाट तरकारी खेतीका लागि रु. ५००० लिएको बताउँछन् ।

समूहबाट पैसा लिएर तरकारी खेतीमा लगाएपछि उत्पादन बढेर छोराछोरीको पढाई खर्च लगायत अन्य घरखर्च चलाएर १२,००० हजार अरु बचेको थापा बताउँछन् । थापा थप्छन्, “हातमा ५००० हजारलाई खेलाउँदा खेलाउँदै एकातिर घरमा तरकारी खाली भएन अर्कोतर्फ छोराछोरीको लागि औषधी मा खर्च गर्नु परेन ।”

अहिले राम बहादुरले समूहको साँवा ब्याज चुक्ता गरेर त्यहीं आम्दानीबाट आफ्नै गाउँमा पन्ध्र बीस हजारको खुद्रा पसल पनि गरेका छन् । उनी भन्छन् “अहिले मेरो गाउँमा राम्रै ईज्जत छ । धन नै मानिसको ईज्जत रहेछ । ” हाल आएर उनी घरमै बसेर लाहुरको अनुभूति गरिरहेका छन् । अन्तमा एकदमै खुशी मुद्रामा सुनाउँछन् “आर.आर.एन.को समूह गठनले नै मलाई लाहुरेको अनुभूति गराएको हो ।”

यसैगरी आर.आर.एन.द्वारा संचालित जन-स्वास्थ्य तथा आधारभूत जीविकोपार्जन सहयोग कार्यक्रम अन्तर्गत २८ सदस्य देउतीबज्यै समूह विगत अढाई बर्षदेखि सन्चालनमा रही सबैजना सदस्यहरूले मासिक रु. १०/- का दरले बचत उठाउँदै आइराखेका छन् । आयआर्जनमूलक काममा प्रयोग गरी समूहका सदस्यहरूको जीविकोपार्जनमा सहयोग पुगोस् भन्ने उद्देश्यका साथ संस्थाबाट वीउ पूँजी रकम रु. २८,००२ त्यो समूहलाई सहयोग स्वरुप उपलब्ध गराइएको थियो । अहिले समूहको कोषमा बचत, वीउ पूँजी, ब्याज र समूहको अन्य आम्दानी गरी जम्मा रु. ६१,०००/– पुगेको र अहिले त्यो सबै रकम समूहका सदस्यहरूमा ऋणस्वरुप लगानी गरिएको कुरा बताउनु हुन्छ समूहका कोषाध्यक्ष चक्रबहादुर पौडेल ।



*तरकारी खेतीबाट आम्दानी बढेपछि घरमै लाहुरको अनुभूति*

यसैक्रममा “मैले समूहबाट २०६४ साल असार ६ गते समूह कोषबाट रु ३०००/– ऋण लगी २ वटा बाखा किने । केही समयपछि ती दुइवटै बाखाबाट १/१ वटा पाठा जन्मिए, २ वटा पाठा बाखा रु. ७००० मा बिक्री गरिसकें, अहिले दुईवटा पाठा बाखा अझै छन् । ती दुबै ब्याउने भएका छन्, ब्याएपछि ५/५ हजारमा बेच्न लायकका हुन्छन् । तर मलाई बिक्री नगरी अझै फाइदा गर्ने मन छ । समूहबाट लिएको रु. ३०००/– ऋण पनि तिरिसकें । समूहमा बस्दा मलाई त धेरै फाइदा भएको छ । म जस्तै धेरैजनाले समूहबाट लिएको ऋणबाटै फाइदा गरेका छन्, अहिले बुझ्दै आउँदा समूहमा बस्दा फाइदा हुँदोरहेछ” चन्द्र बहादुर बोहोरा भन्नुहुन्छ ।

## सफा स्वच्छ रावतकोट दैलेख

कैले सार्की गरीब परिवार मध्येका एक हुन् । प्रशस्त जग्गा नहुनु र भएको जग्गामा पनि सिंचाईको व्यवस्था नुहुनु नै उनको प्रमुख समस्या हो । आम्दानीको हकमा उनका ४ भाई छोराहरू मध्ये २ भाई छोरा रोजगारीको लागि भारततर्फ लाग्दछन्, केही कमाउँछन र घरको चुल्हो बाल्न सघाउँछन् । उनको खेतीबाट उत्पादित अन्नबालीले उनको १४ जना परिवारको लागि तीन महिनाभन्दा बढी चुल्लो बल्दैन । उनले गरिबीबाट माथि उठ्न मनमा अनगिन्ती योजनाहरू बनाए पनि मूर्त रूप दिन चाहिने साधन र स्रोतको अभावले गर्दा ती योजनाहरू *केटाकेटीले बनाएका बालुवाका घर जस्तै भताभुङ भएर भत्किए ।*

आजभन्दा १५ वर्ष पहिले ग्रामीण स्वास्थ्य कार्यकर्ता समयमा नआएको भए शिक्षाको अभावमा उनको जीवनसंगिनी प्याकुली सार्कीको झाडापखालाको कारण ज्यान गुमिसकेको हुन्थ्यो । त्यस दिनदेखि कैले सार्की खानेपानीको बारेमा सचेत छन् । मानिसको दिसा पिसाब राम्रोसँग व्यवस्थापन नगरिए अनेक रोगको कारण हुन सक्छ भन्ने कुरा पनि उनलाई राम्रैसँग थाहा छ । पहिले पनि शुद्ध खानेपानीको व्यवस्था तथा शौचालय निर्माण कार्यमा अभियान चलाउन नखोजेका हैनन् उनले । तर गाउँमा साधन स्रोतको अभाव तथा चेतनाको कमीले ‘एक्लो वृहस्पति झुटो’ जस्तो भएका थिए कैले सार्की ।

हाल उनी धामीधारा खानेपानी तथा सरसफाई आयोजनाको कोषाध्यक्षमा कार्यरत भएर खानेपानी तथा सरसफाईको कार्यक्रममा अभियानको रूपमा जुटेका छन् । यो आयोजना सफल बनाउनमा उनको भूमिका उल्लेख्य रहेको छ । उनको घर लगायत उनको गाउँमा ११ वटा धारा तथा १०२ वटा शौचालय र २११ वटा स्नान गृह जडान भएका छन् । उनी दलित हुन्, गरीब छन् तर फोहोर छैनन् । पहिले र अहिलेमा उनको घरको वातावरणमा आमुल परिवर्तन भएको छ । उनको घरमा शौचालय निर्माण भएको छ । परिवारका सबै सदस्यहरू चर्पी प्रयोग गर्छन् । आर.आर.एन दैलेखले स्वस्थ रहन हात कहिले ? कसरी ? धुने भन्ने विषयमा निपूर्ण बनाई सकेको छ ।

यो पङ्क्तिकार गत महिना कैलो सार्कीको घर पुगेको थियो । प्याकुली भाउजु सुधारिएको धुवाँरहित चुल्लोमा फिस्स हाँस्दै खाना बनाउदै थिइन् । कैले दाईलाई परिवारिक हात मुख जोड्नका लागि आफ्ना छोराहरू विदेशिन परेको पटक्कै मन परेको छैन । उनले यो समस्याबाट पार पाउँन विभिन्न योजनाहरू सुनेपछि तरकारी खेती रोज्ने बताए । मैले पनि तरकारी खेती गर्न सल्लाह दिए । केही समयपछि यही कलमले कैले सार्कीको सफलताको कथा कोर्न पाउने छु भन्ने विश्वास गर्न सकिन्छ ।

## ग्रामीण पशुस्वास्थ्य सहयोगी तालिमले समुदायमा पारेको प्रभाव र रोजगारीका सम्भावनाहरू



*ग्रामीण पशु स्वास्थ्य सहयोगी तालिमका सहभागीहरू*

दैलेख खाद्य सुरक्षाको दृष्टिले उच्च जोखिममा रहेको एक पहाडी जिल्ला हो । भौगोलिक विकटता, अशिक्षा पछौटेपन र बेरोजागरी जस्ता समस्याहरूले गर्दा यहाँका बहुसंख्यक बासिन्दाहरू चरम गरिबीको अवस्थामा बाँच्न विवश छन् । यसै तथ्यलाई मध्यनजर गर्दै विगत तीन वर्षदेखि यस जिल्लामा आर.आर.एन. ले खाद्य सुरक्षा सुधारका थुप्रै कार्यक्रमहरू लागु गर्दै आइरहेको छ । हालै मात्र खाद्य सुरक्षाको दृष्टिले उच्च जोखिममा रहेका गा.वि.स.हरू कट्टी, रुम, चामुण्डा र कुसापानीमा पशुपालन माफर्त खाद्य सुरक्षा अभिबृद्धि गर्ने उद्देश्य अनुसार खाद्य सुरक्षा परियोजना लागु गरेको छ । यस परियोजना अर्न्तगत थुप्रै किसिमका तालिमहरू संचालनमा ल्याई सकेको छ । यसै सन्दर्भमा ग्रामीण समुदायमा पुशस्वास्थ्यसम्बन्धी चेतना फैलाउने उद्देश्यअनुसार सातदिने ग्रामीण पशु स्वास्थ्य सहयोगी तालिम मिति २०६६ पौष १४ देखि २० सम्म संचालन भएको थियो । उक्त तालिममा कुसापानी, चामुण्डा, रुम र कट्टीमा गठित १० वटा समूहबाट २० जना युवा युवतीहरूको सहभागिता रहेको थियो । तालिमको सहजीकरण जिल्ला पुश सेवा कार्यालय दैलेखका डा. दीर्घथान ढुङ्गानाबाट गरिएको थियो । तालिमलाई प्रभावकारी बनाउन सैद्धान्तिक कक्षाका साथै प्रयोगात्मक कक्षाहरू संचालन भएको थियो ।

उक्त सात दिने तालिमपश्चात् अहिले समुदायमा थुप्रै खालका उपलब्धीहरू हासिल भएका उदारणहरू छन । यसै सन्दर्भमा तालिमका सहभागी चामुण्डा ४ टाटेका गौरव वि.क. आफ्नो

अनुभव सुनाउदै यसो भन्नुहुन्छ, “आर.आर.एन संस्थालाई म धेरै धन्यवाद दिन चाहन्छु । यस प्रकारको व्यवहारिक तालिम दिएर हामीहरूलाई ठूलो गुन लगाएको छ । पहिला मलाई गाईवस्तुहरू बिरामी भएमा कस्तो औषधिमुलो गर्नु पर्छ भन्ने बारे केही थाहा थिएन । आर.आर.एन. संस्थाले हामीलाई पशुस्वास्थ्यसम्बन्धी तालिम दियो । अहिले मलाई गाईवस्तुमा लाग्ने सामान्य खालका रोगहरूको औषधिमुलो गर्न सक्षम भएको छु । संस्थाले उपलब्ध गराएको औषधिमुलोबाट पशुहरूको उपचार गरिरहेको छु । ममा अहिले निकै आत्मविश्वास बढेको छ । संस्थाले दिएको खसी पार्ने साँचोबाट मैले हालसम्म २० वटा पाठालाई खसी पारिसकेको छु । पहिला पहिला गाउँमा पाठालाई खसी पार्नको लागि दुई चार कोष टाढा प्राविधिककोमा लानुपर्ने बाध्यता थियो । तर अब यो बाध्यता रहेन । गाउँमा कसैको पाठालाई खसी पार्नु परेमा मसँग नै सर्म्पक राख्छन् । खसी पारेवापत मैले गाउँलेहरूबाट शुल्क पनि लिने गरेको छु, जसले गर्दा मलाई सानोतिनो घरायसी खर्च पनि टरेको छ । गाउँमा पशुस्वास्थ्यसम्बन्धी चेतना फैलाई समाज सेवा गर्न पाउँदा म खुसीले निकै दङ्ग छु ।

यसैगरी रुम १ का चन्द्रकला बोहरा आफ्नो अनुभव सुनाउनुहुन्छ, “यसप्रकारको तालिम पहिलो पटक लिन पाउँदा मलाई निकै खुसी लागेको छ । तालिम लिनुभन्दा अगाडी गाइवस्तुलाई रोग लागेमा उपचार कसरी गर्ने भन्ने बारे थाहा थिएन । सात दिनको तालिम लिएपछि मलाई अहिले सामान्य खालको पशु स्वास्थ्यको बारेमा जानकारी भएको छ । गाउँमा कसैको वस्तुभाउ बिरामी भएमा तुरुन्त म कहाँ सर्म्पक गर्न आउँछन् । मैले अहिले सानै भए पनि औषधिहरू राखेर गाउँमै सेवा टेवा पुऱ्याएर सहयोग गरिरहेको छु । औषधिहरूको बिक्रीबाट घरायसी खर्च पनि चलाएको छु । यसप्रकारको तालिमले हाम्रो गाउँ टोलमा ठूलो परिवर्तन ल्याएको छ ।

हाल आएर तालिमका सहभागीहरूले आफ्नै गाउँ घरमा सानोतिनो व्यवसाय चलाई आम्दानीको बैकल्पिक व्यवस्था गर्दै आएका छन् ।

## बाख्रा सहयोग कार्यक्रमबाट उत्साहित हुँदैछन् दलित बस्तीका बासिन्दाहरू

दैलेख जिल्लाको चामुण्डा गा.वि.स. वडा नं. ४ का दलित बस्तीहरू वर्षौंदेखि अभाव, अशिक्षा, पछौटेपन सँगै जीवनयापन गर्दै आइरहेका छन् । यहाँका बालबालिकाहरू कुपोषणले ग्रस्त छन् । हालसम्म यस ठाउँमा कुनै पनि संघसंस्थाहरूले काम गरेका छैनन् । नेपाल ग्रामीण पुर्ननिमाण संस्थाले हालै बाख्रापालन कार्यक्रम लागु गरेको छ । बाख्रा सहयोग कार्यक्रम अर्न्तगत यहाँका २८ घरधुरीहरूलाई दुइवटा बाख्रा, पशुमेलामार्फत् वितरण गरिसकेको छ । बाख्रा व्यवसाय तालिम पनि दिइसकेको छ । अहिले यस ठाउँमा पहिलेको जस्तो अभाव देखिएको छैन । गाई वस्तुभाउको नाउँमा केही नभएको ठाउँमा बाख्रापालन कार्यक्रमले यहाँका बासिन्दाहरूको जीवनस्तरमा निकौं सुधार आएको अनुभव सुनाउदै दिलमाया वि.क. भन्छिन्, म अहिले निकै खुसी छु । मसँग पहिला केही थिएन संस्थाले दिएको २ वटा बाख्राबाट मेरो घरमा अहिले खसीबोका पाठापाठी गरी १० वटा बाख्राहरू रहेको छ । बाख्रा बिक्रीबाट मैले बच्चाहरूलाई स्कूल पढाउन घरायसी खर्च टार्न पुगेको छ । पहिला मेरो जीवन अभावै अभावमा बितेको थियो । अहिले संस्थाले गरेको सहयोगबाट मेरो जीवनमा नौलो बिहानी छाएको छ । अहिले यस ठाउँका बासिन्दाहरू बाख्रापालन व्यवसाय गर्दै रमाइरहेका छन् ।



*बाख्रा सहयोग कार्यक्रम अन्तरगत वितरित बाखैाहरू*

### बाख्रापालन

दैलेखको दुर्गम क्षेत्र कुसापानी गाउँ ।
चरन क्षेत्र प्रसस्त छ रमणीय ठाउँ ॥

धन कमाउन दाजुभाइ विदेशतिर जान्छन् ।
कसैले त घरपरिवार समेतलाई लान्छन् ॥

बेरोजगारी समस्याले विदेश जानु पर्ने ।
काम धन्दा केही छैन गाउँको विकास गर्न ॥

आयआर्जन बृद्धि गर्न बाख्रापालन गरी ।
सहयोग गऱ्यो आर.आर.एन. ले ९५ घरधुरी ॥

घर घरमा बाख्रा पाठा घर घरमा खोर छ ।
बिमारी परे बाख्रा पाठा औषधि उपचार छ ॥

भेटनरी तालिम पाए उपचार गर्नलाई ।
औषधिको व्यवस्था छ समस्या टार्नलाई ॥

उत्पादनमा बृद्धि हुने बाख्राको मलबाट ।
आम्दानीमा बृद्धि हुने खसी बोकाबाट ॥

खसीबोका धेरै पाले गरिबी हट्ने छ ।
बेरोजगारी दाजुभाईको समस्या टर्ने छ ॥

विदेशतिर जानुपर्ने कामधन्दा नपाउँदा ।
घरमै काम मिल्ने भयो सबैले बाख्रा पाउँदा ॥

- भवाने कामी
चामुण्डा–४

# जनस्वास्थ्य तथा आधारभूत जीविकोपार्जन सहयोग परियोजना (जुम्ला)

## राज्य लक्ष्मीको जीवनमा बाख्रापालनले ल्याएको परिवर्तन



*जुम्लाकी राज्यलक्ष्मी आफ्ना बाख्राहरूको हेरविचार गर्दै*

गिडीखोला ७ हाकु गा.वि.स. जुम्लाकी राज्यलक्ष्मी शाही मस्तमन्डु बचत तथा ऋण समूहकी सदस्य हुन् । सिएसडी जुम्ला र अक्सफाम जिबी नेपालको सहयोगमा विगत एक वर्षदेखि उनले बाख्रापालन गर्दै आएकी छिन् । उनी भन्छिन्, "पोहोर साल सिएचडीले मलाई दुईवटा बाख्रा सहयोग गरेको थियो । हाल मसँग ६ वटा बाख्रा छन् । अर्को वर्ष मसँग १२ वटा बाख्रा हुनेछन् । अहिले खसीको बजार मूल्य रु. ५००० छ । मैले २ वटा खसी रु. १० हजारमा बेचें । त्यो पैसाबाट मैले सानो खुद्रा पसल चलाइरहेकी छु । मैले करेसाबारीमा तरकारी खेती पनि गरेको छु । घरमा खाएर बाँकी भएको तरकारी नजीकैको बजारमा बेच्छु" । उनी अगाडि भन्छिन्, मेरो परिवारको जीवनस्तरमा निकै परिवर्तन आएको छ । "मेरो जीवनमा यस्तो परिवर्तन ल्याइदिएकोमा सिएसडी जुम्ला र अक्सफाम जिबीलाई हृदयदेखी नै धन्यवाद दिन चाहन्छु ।

## तरकारी खेतीले गरभञ्ज्याङ्कोटमा ल्याएको आर्थिक परिवर्तन

सदरमुकाम खलङ्गादेखि ९ कोस टाढा पर्छ गरभञ्ज्याङ्कोट गा.वि.स. । जम्मा जम्मी ७७ घरधुरी भएको यस गा.वि.स. मा ब्राम्हण परिवारको बाहुल्यता रहेको छ । सदरमुकाम नजिक भएतापनि जनचेतनात्मक स्वास्थ्य र सरसफाईसम्बन्धी कार्यक्रम संचालन गर्न जरुरी दखिन्छ । धेरै चिसोको कारण गत वर्ष सम्मपनि करेसाबारी तरकारीखेती गर्नुपर्छ भन्ने धारणा अनि अभ्यास थिएन यहाँका गाउँलेहरूमा । तरकारी खेतीबारे कुरा गर्ने मान्छे आफै उल्लु बन्थ्यो परिवारको माझ

सि.एच.डी. जुम्लाले अक्सफाम जि.बी. नेपालको सहयोगमा मौसमी तथा बेमौसमी बीउ उत्पादनमा समुदायलाई सहयोग गऱ्यो । साथै हिउँदमा तरकारी खेतीको लागि प्लाष्टिकका हरित घरपनि सहयोग गर्दै आइरहेको छ । अहिले आएर मौसमी र बेमौसमी दुबै समयमा तरकारी खेती गरिन्छ । समुदायलाई हरित घरभित्र गरिने तरकारी खेतीसम्बन्धी तालिम पनि दिइएको छ । गाँजा खेती तरकारीले भरिपूर्ण भएको छ ।

तरकारी खेती गरेर ४० वर्षकी किनमाया जैसीको जीवनस्तरमा निकै परिवर्तन आएको छ । उनी भन्छिन्- "पहिले मलाई परिवार चलाउन साह्रै गाह्रो थियो । बालबच्चालाई पढाउने कुरा त म सोंच्न पनि सक्दिनथें । कुनैपनि आयस्रोत थिएन । गत वर्ष सि.एस.डी. जुम्लाले हामीलाई मौसमी तथा बेमौसमी तरकारी उत्पादनसम्बन्धी तालिम दिया अनि हरित घर बनाउन पनि सहयोग गऱ्यो । मेरो जमिन बेकारको गाँजा खेतीमा नास भइरहेको थियो । यस वर्ष, आधा जग्गामा मैले तरकारी खेती गरें । हाल म खलंगा बजारमा बेचेर दिनको रु. ४०० देखि ५०० सम्म आम्दानी गर्छु । मैले मेरो छोराछोरीलाई नेपालगंजमा पढाएको छु । मेरो जीवनस्तर परिवर्तन गर्न सहयोग गर्नु भएकोमा सि.एच.डी. र अक्सफामलाई धेरै धन्यवाद ।

किनमाया जैसी महिला समूहमा पनि आबद्ध छिन् । सुन्दर भविष्यको लागि अहिलेदेखि नै बचत गर्न थालेकी छिन् उनले । समुदायका अरु महिलाहरूले पनि उनको सिको गर्न थालेका छन् ।



*गरभञ्ज्याङमा बेमौसमी तरकारी खेती*

## नाक छोपेर हिंड्नु पर्दैन अब सुन्दरगाउँमा

तातोपानी गा.वि.स. जिल्ला सदरमुकाम खलंगादेखि ५ कि.मि. टाढा पर्दछ । सि.एच.डी. जुम्लाले अक्सफाम जीविकोपार्जन सहयोगमा खानेपानी, सरसफाई र स्वास्थ्यसम्बन्धी कार्यक्रम वडा न. ५ सुन्दरगाउँ र दंगीबडामा सञ्चालन गरेको थियो । यो कार्यक्रमको सञ्चालनपछि बासिन्दाले सुधारिएको चुलो र शौचालय प्रयोग गर्न थालेका हुन् ।

कुनैपनि सरकारी तथा गैरसरकारी संस्थाले यस्ता कार्यक्रम संचालन गरेका थिएनन् भन्नुहुन्छ केउडी नेपाली । ५५ घरधुरी दलित रहेको सुन्दरगाउँ अत्यन्त पिछडिएको, अशिक्षा र अभावले ग्रस्त गा.वि.स.हो । दिनभर अभिभावकहरू बच्चाहरू छोडी काममा जानुपर्ने बाध्यता भएकोले बच्चाहरूको स्वास्थ्य अत्यन्त कमजोर हुन्छ, भन्छिन् उनी ।

सि.एच.डी. जुम्लाले अक्सफामको सहयोगमा खानेपानीको धारा र शौचालय निर्माणमा ५५ वटा शौचालय र २ वटा धाराहरू निर्माण भएका छन् । अहिले हाम्रो गाउँ निकै परिवर्तन भएको छ । पहिले हामी शौचालय प्रयोग गर्न साह्रै हिचकिचाउँथ्यौ, केही पुरुषहरूले मात्र प्रयोग गर्थे । अहिले सबैले प्रयोग गर्छन् । आत्मसम्मान एवं शौचालय प्रयोगले हाम्रो गाउँलाई सफा, स्वच्छ रहन गौरबको महसुस गराएको छ । कुनैपनि मानिसले सम्मान र अवसर पायो भने उ परिवर्तन हुन तयार हुन्छ, भन्नुहुन्छ केउडी नेपाली ।

तीन महिना पहिले यहाँको स्थिति एकदमै दयनीय थियो । नाक बन्द नगरी हिंड्न सकिन्नथ्यो । अहिले गाउँ स्वच्छ बनेको छ । फोहोर गर्नेलाई सजाय दिइन्छ । महिनाको एक पटक सबै मिलेर गाउँ सफा गर्छन् । अब सि.एच.डी.ले महिलाकेन्द्रित चेतनामूलक तथा आयस्रोत बृद्धि कार्यक्रम संचालन गर्न जरुरी छ । यस्तोखाले कार्यक्रमहरू दुई वर्षभन्दा कम समयको हुनु हुदैन । सि.एच.डी.ले निर्माण गरेको आमा समूहले सक्रिय रूपमा काम गरेको हेर्न चाहन्छु, भन्नुहुन्छ कमला डांगी ।

# एकीकृत खाद्यतत्व व्यवस्थापन

भू-क्षय, प्राङ्गारिक पदार्थको प्रयोगमा आएको गिरावट, असन्तुलित एवं अपर्याप्त मलखादको प्रयोग, माटोको अम्लीयकरण आदि कारणहरूले गर्दा माटोको उर्वराशक्तिमा निरन्तर ह्रास आइरहेको छ । यसलाई सुधार गरी दिगो रूपमा कृषिजन्य बालीनालीहरूको उत्पादकत्व बृद्धि गर्न र कृषकहरूले लगाउने गरेका विभिन्न बालीनालीहरूलाई आवश्यकताअनुरुप स्थानीय स्रोतका साथसाथै रासायनिक स्रोतबाट खाद्यतत्व आपूर्ति गरी माटोको उर्वराशक्ति कायम राख्दै तथा वातावरणीय प्रदुषणलाई समेत न्यून पार्नु आजको आवश्यकता रहेको छ । त्यसैले, एकीकृत खाद्यतत्व कार्यक्रमलाई व्यापक रूपमा लैजानुपर्ने खाँचो देखिएको छ । दीर्घकालिन कृषि योजनाले पनि यो दिशामा जोड दिएको छ ।



*एकीकृत खाद्य तत्व व्यवस्थापनको राम्रो नमूना रामेछापको खिम्ती गा.वि.स.को मकैबारी : फोटो भानु पराजुली*

## एकीकृत खाद्यतत्व व्यवस्थापन नै किन ?

कृषि विकासका लागि सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूको प्रयासबाट उन्नत जातहरूको विकास, नयाँ उन्नत खेती प्रविधि, सिंचाई, मलखाद व्यवस्थापन तथा बाली संरक्षण लगायतका क्षेत्रहरूमा सुधार हुँदै गइरहेको पाइएको छ । तर मलखाद व्यवस्थापन र विषादिहरूको प्रयोगसम्बन्धी यथोचित ज्ञानको कमीका कारणले कतिपय अवस्थामा कृषि उत्पादन एवं वातावरणमा समेत नकारात्मक असर परेको देखिन्छ । रासायनिक तथा प्राङ्गारिक मलको सन्तुलित प्रयोग हुन नसक्नाको कारण दीर्घकालिन रूपमा माटोको उर्वराशक्तिमा नकारात्मक असर पर्नुका साथै प्रयोग गरिएको मलखादको समेत आशातित प्रतिफल लिन सकिएको छैन । *साभार : कृषि डायरी, २०६१*

## खाद्यअधिकारसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न



*आर.टि.एफ.एन.का संयोजक डा. सर्वराज खड्का अन्तरक्रियामा*

नेपालको अन्तरीम संबिधान २०६३ मा खाद्यसंप्रभुतालाई मौलिक हकको रूपमा समाबेस गरिएको भएता पनि कानुनमा भए बमोजिम भन्ने वाक्यांशले गर्दा उक्त हकको कार्यान्वयनको सुनिश्चितता हुन नसकेको सन्दर्भमा नयाँ संविधानमा जनताको खाद्यअधिकारलाई स्पष्ट व्याख्या हुने गरी समावेश गर्न संविधानसभाका सदस्य तथा राजनीतिक दलका नेताहरूलाई सुझाव दिने उद्देश्यका साथ खाद्यअधिकारका लागि राष्ट्रिय साजाल, नेपालले गत जेठ २८ गते काठमाडौंमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गर्‍यो । उक्त कार्यक्रममा राजनीतिक दलका नेताहरू सभासदहरू मन्त्रालयका सम्बन्धित अधिकृतहरू, कृषि विशेषज्ञहरू खाद्यअधिकार तथा मानवअधिकारकर्मीहरू लगायत ७० भन्दा बढी व्यक्तिहरूले भाग लिएका थिए ।

उक्त अन्तरक्रियामा कार्यक्रममा बोल्नुहुदै उच्चस्तरीय भूमिसुधार आयोगका पूर्व आयुक्त तथा नेकपा एमालेका नेता श्री केशव बडालले मध्य-पशचिमका पहाडी जिल्लाहरूमा खाद्यान्न ढुवानीमा प्रति क्वीन्टल ७५०० रुपैयाँ खर्च गर्ने गरिएको तथ्य आफूले फेला पारेको कुरा उल्लेख गर्नुभयो । उहाँले सोही अनुपातमा स्थानीय कृषि उत्पादन बृद्धिका लागि सरकारले लगानी गर्ने हो भने खाद्यान्न उत्पादनमा तीनगुना बृद्धि हुनसक्ने कुराको दाबी पनि गर्नुभयो । साथै उहाँले खाद्यअधिकारको सवाल राज्यले अपनाउने आर्थिक ढाँचामा निर्भर हुने र त्यसका लागि भूमिसुधार र सहकारी नीतिलाई साथै अघि बढाइनु पर्ने कुरामा जोड दिनुभयो ।

नेपाली कांग्रेसका सभासद श्री रमेश लेखकले संविधानसभाको मौलिकअधिकार तथा निर्देशक सिद्धान्त समितिले खाद्यअधिकारलाई मौलिक हकमा समावेश गरिएको सस्यौदा संवैधानिक समितिमा पेश गरिससकेको कुरा जानकारी गराउनु भयो । उहाँले मौलिक हकमा उल्लेखित अधिकारलाई कार्यान्वयन गर्न आवश्यक पर्ने कानुनहरू दुई वर्षभित्र बनाइसक्नु पर्ने प्रावधानको समेत व्यवस्था गरिएको कुरा जानकारी दिनुभयो ।

यसैगरी एकिकृत नेकपा माओवादीका सभासद श्री चित्रबहादुर श्रेष्ठले उत्पादनको साधनबाट जनतालाई विमुख गराएर खाद्य संप्रभुताको कुरा गर्नु कोरा गफ हुने भएकाले क्रान्तिकारी भूमिसुधारको माध्यमबाट भूमिहीनहरूलाई जमीनको अधिकार प्रदान गरिनु पर्ने कुराको जिकिर गर्नुभयो ।

नेकपा एमालेका सभासद सावित्रा भुषालले हालैका दिनमा जंगली च्याउ लगायतका अखाद्य पदार्थहरूको सेवनबाट धेरैले ज्यान गुमाउनु परेको कुरा स्मरण गराउदै खाद्य र अखाद्य वस्तुको सूची बनाएर जनतालाई यसबारेमा सुसुचित पारिनु पर्ने कुरामा जोड दिनुभयो । यसैगरी नेकपा मालेका सभासद जनककुमारी चालिसेले कृषि नीति र भूमि नीतिमा आमूल परिवर्तन गरेर मात्र खाद्यअधिकार प्राप्त गर्न सकिने कुरा उल्लेख गर्दै उर्बर भूमि वन, पानी र जैविक विविधतालाई नजोगाउने हो भने संविधानमा खाद्यअधिकार लेखिदैमा केही हुदैन भन्नु भयो ।

राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषका प्रतिनिधि श्री ताराकुमार श्रेष्ठले खाद्यअधिकारको कुरा संविधानमा लेखिंदैमा भोको मानिसले खाना पाउदैनन् । यसका लागि खेतीयोग्य जमीनलाई खाली राख्न नपाइने परिस्थितिको निर्माण गरिनु पर्ने, चामललाई मात्र महत्व नदिई स्थानीय अन्नबाट पनि विविध खाद्य परिकारको विकास र प्रवर्द्धन गर्दै स्थानीय जनताको खाद्य बानीमा परिवर्तन गरिनु पर्ने कुरा उल्लेख गर्नुभयो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकका प्रतितिधि श्री देवेन्द्र अधिकाकारीले विश्व खाद्य कार्यक्रमद्वारा वितरित गुणस्तरहीन खाद्यान्नको कारणबाट गत साल जाजरकोट जिल्लामा ४०० भन्दा बढीले ज्यान गुमाएको कुरा उल्लेख गर्नुभयो । यसका साथै कामका लागि खाद्यान्न कार्यक्रमले स्थानीय खाद्यान्नलाईभन्दा चामललाई प्रश्रय दिएको हुनाले यसबाट स्थानीय खाद्यान्नको उत्पादन घट्न गई थप खाद्य संकटको स्थिति आएको कुरा उल्लेख गर्नुभयो ।

अखिल नेपाल किसान संघ २००७ का प्रतिनिधि श्री मुक्ति लामिछानेले खाद्य संप्रभुताको विषय जमीनको न्यायोचित वितरणसँग अभिन्न रूपमा जोडिएकोले यी दुवै विषयको संवैधानिक ग्यारेण्टी गरिनु पर्ने कुरा उल्लेख गर्नुभयो ।

खाद्यअधिकारका लागि राष्ट्रिय सञ्जाल, नेपालका कार्यक्रम संयोजक श्री वीरेन्द्र अधिकारीले सरकारको गलत कृषि तथा खाद्य नीतिका कारण हाम्रो जस्तो कृषिप्रधान मुलुक समेत कृषिउपजका निम्ति परनिर्भरतातर्फ उन्मुख भइरहेको छ भन्नुभयो ।

खाद्यअधिकार राष्ट्रिय सञ्जाल, नेपालका संयोजक तथा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)का निर्देशक डा. सर्वराज खड्काले कार्यक्रममा समापन मन्तव्य दिनुहुदै राज्यको पुनर्संरचना गर्दा कुन आर्थिक ढाँचा अपनाउदा जनताको खाद्यअधिकार सुनिश्चित गर्न सकिन्छ भन्ने कुरामा सबै गमभिर हुनु पर्दछ भन्नुभयो । खाद्यअधिकारलाई संविधानमा समाबेश गर्दा त्यसका लागि कानुनी आधार तयार हुने भएता पनि वैज्ञनिक भू-उपयोगको योजना कृषि सुधार लगायत नीति तथा कानुनहरूको कार्यान्वयनलाई विशेष जोड दिइनु पर्ने कुरा उल्लेख गर्नुभयो ।

कार्यक्रमको प्रारम्भमा कृषि मन्त्रालय अन्तरगत कृषिवस्तु निर्यात प्रवर्द्धन कार्यक्रमका प्रमुख श्री राजेन्द्र भारीले नेपालमा खाद्यसुरक्षाको सन्दर्भमा कृषि क्षेत्र विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको भने अर्को कानुनसम्बन्धी स्रोत व्यक्ति श्री भेषराज अधिकारीले नेपालमा खाद्यअधिकार: सिद्धान्त र व्यवहार विषयक कार्यपत्र पेश गर्नुभएको थियो ।

## मानवअधिकारको लागि पर्याप्त खाना विषयक तीनदिने तालिम संचालन



*सहजकर्ता केशव खड्का सहभागीहरू माझ : फोटो विरेन्द्र अधिकारी*

"मानव अधिकारको लागि पर्याप्त खाना" विषयक तीन दिने तालिम नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ (एन.एन.डि.एस.डब्लु.ओ.) को सभाकक्षमा मिति २०६७ साउन १५ देखि १७ गतेसम्म संचालन भयो । उक्त कार्यक्रममा खाद्यअधिकारका क्षेत्रमा काम गर्दै आउनु भएका विभिन्न जिल्ला (जुम्ला, दैलेख, सुर्खेत, बैतडी, धादिङ, दोलखा, खोटाङ, काठमांडौ) का संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । विभिन्न सरकारी तथा गैरसरकारी सस्थाहरूमा कार्यरत रही धेरै वर्षको अनुभव बटुल्नु भएका सहजकर्ताहरूले मानवअधिकार, खाद्यअधिकार, खाद्यसम्प्रभुता, खाद्यसुरक्षा, वातावरण परिवर्तनले पारेको असर, मानवअधिकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू लगायत विभिन्न विषयमा जानकारी दिनुभएको थियो ।

## खाद्यअधिकार सुनिश्चताका लागि स्थानीय स्तरबाटै पहल

EU-DCA को आर्थिक तथा LWF-Nepal को प्राविधिक सहयोग र NNDSWO, FEDO, DWO नामक राष्ट्रिय गैरसहकारी संस्थाहरूद्वारा सुदुर तथा मध्य पश्चिम विकास क्षेत्रका ४ वटा जिल्ला क्रमश अछाम, डोटी, कैलाली र बाँकेका भूमिहिन, कम जमिन भएका दलित तथा अति गरीब जनजाति ९००० घरधुरीलाई समेटेर तिनीहरूको विद्यमान खाद्य असुरक्षाको अवस्थामा सुधार ल्याउने हेतुले खाद्य सुरक्षा परियोजना संचालित छ । यस परियोजनाले विशेषगरी ती घरधुरीहरूलाई ४५० वटा दलित किसान समूहहरूमा आवद्ध गरी उन्नत कृषि विधिको प्रयोग, जीविकोपार्जनका क्रियाकलापहरूमा सहयोग तथा नेपाल सरकारद्वारा संचालन हुने सुरक्षा कवच (safety net) कार्यक्रमहरूमा तिनीहरूको पहुँच पहुँच पुर्‍याउने खालका विभिन्न क्रियाकलापहरू संचालन गर्दै आइरहेको छ । यसै क्रममा यस परियोजनाको सहयोगमा खाद्यअधिकारसम्बन्धी पैरवी तथा स्थानीय स्तरबाटै नैतृत्वदायी भूमिका बहन गर्ने ४८ वटा गा.वि.स. स्तरीय संजाल, ४ वटा जिल्ला र १ वटा क्षेत्रिय फेडरेसन बनाई RtFN राष्ट्रिय सञ्जालसँग समन्वय गरी क्रियाशिल गर्ने कार्यमा लागि परेको छ ।

विगत ५ वर्ष देखि माथिका सहयोगी संस्थाहरूबाट ति समुदायहरूमा दलित सशक्तिकरण कार्यक्रम संचालन गरी दलित अधिकार सम्बन्धी पैरवी गरीरहेको अवस्थामा ती संजालहरूलाई अझ क्रियाशील तथा सवलिकरण गर्दै यस खाद्य अधिकार सुनिश्चिताको लागि वकालत गर्ने नेतृत्वदायी भूमिका तिनै संजालहरूले गरिरहेका छन् । यसै क्रममा स्थानीय तथा जिल्ला स्तरमा कार्यरत सरोकारवालाहरूको पनि यस संजाल तथा फेडरेसनमा सहभागिता जनाई अघि बढ्ने रणनीति लिएका छन् ।

## पहिरो विस्तापितहरूलाई राहत वितरण

साउनको अन्त्यतिरबाट बग्न सुरु गरेको पहिरोका कारण विस्थापित भई छिमेकीको घरमा शरण लिइरहेको दैलेखको रुम गा.वि.स.का विस्थापितहरूलाई नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आर.आर.एन)ले दैलेख सदरमुकाम स्थित नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा दैलेखको कार्यालयमा राहत वितरण कार्यक्रम गरेको थियो । उक्त राहत वितरण कार्यक्रममा जिल्ला प्रशासन कार्यालय र नेपाल रेडक्रम सोसाइटी ले पनि पहिरो तथा वर्षाले घरबार विहिनहरूलाई राहत बाँडेको थियो । अविरल वर्षा लामो समयसम्म पनि भएकाले गाउँ नै बग्ने समस्यामा परेको थियो । रुम र माल्लीका गा.वि.स.मा पहिरोले घरमा लगाएको बाली समेत पुरिएका थिए । साथै अन्य गा.वि.स.का ४२ घर परिवारले पनि दुःख सास्ती खेप्नु परेको थियो ।

पहिरोले विस्थापित रुम गा.वि.स. का १२ जना परिवारलाई जिल्ला प्रशासन कार्यालयले प्रति परिवार पाँच हजार रुपैयाँ, नेपाल रेडक्रस सोसाइटीले ११ जना परिवारलाई त्रिपाल, कम्बल र नेपाल ग्रामीण पुनर्निर्माण संस्था आर.आर.एन. दैलेखले २५ जना परिवारलाई त्रिपाल, साडी, पाइन्ट, कमिज लगायतमा लत्ताकपडा वितरण गरेको थियो । आर.आर.एन. दैलेखले मालिका ३६ बडाखोला ३ घरपरिवारलाई थप राहत सामाग्री उपलब्ध गराएको थियो । आर.आर.एन दैलेखले जिल्ला स्थित ५४ जना बाढी पीडित घरपरिवारलाई राहत सामग्री वितरण गरेको थियो । त्यसैले त भन्छन्, जय बहादुर रावत ***"छोरा छोरी र परिवार पानीमा रुझेर बसेको बेला आफु रुने सिवाय अर्को विकल्प नभएको बेला कहाँबाट आइपुग्यो आर.आर.एन. मानवीय सहयोगका लागि धन्य छ यस संस्थालाई "*** ।

देशका विभिन्न जिल्लामा खाद्य अधिकार, पानीको अधिकार सम्बन्धित घटनाहरु पत्रपत्रिकाबाट साभार

# 'पानी होइन, दूध खानुस्'



'तेल पोखियो भने छिना नहोला, पानी एकथोपा पोखिए पनि दुःख लाग्छ'

*साभार: कान्तिपुर दैनिक (१५ वैशाख २०६७)*

# गरिबीका कारण सामूहिक आत्महत्या

■ डीआर पन्त

डडेल्धुरा- बक्काडकी नेकमाड गाबिस खोरी गाउँकी एक महिलाले 'गरिबीका कारण' भन्दै दुई सन्तानसहित खोलामा हाम फालेर आत्महत्या गरेकी छिन् ।

जिल्ला प्रहरी कार्यालय डडेल्धुराका अनुसार जिल्लाको अत्यन्त दुर्गम खोरी गाउँकी ३२ वर्षीया सन्जुदेवी पुजाराले आफ्ना दुई सन्तान सात वर्षीय हिमाल र पाँच वर्षीय सर्वेश सहित स्थानीय भार्गौखोलामा शनि हाम फालेर सामूहिक आत्महत्या गरेकी हुन् । यसअघि उनले दुईपटक सामूहिक आत्महत्याको प्रयास गरे पनि गाउँलेका कारण विफल भएको थियो । श्रीमानले दोस्रो बिहे गरे । 'कहीँ समय त उनले आफन्तहरूसँग मागेर सन्तान पालिन्,' स्थानीय समाजसेवी देवबहादुर पुजाराले टेलिफोनमा भने, 'पछि कुनै उपाय नलागेपछि शुक्रबार दुवै छोरा र आफूलाई घरमा बन्द गरेर आगो लगाइन् तर गाउँलेले आगो निभाएर बचाएका हुन् ।' 'एक्कासि शनि फेरि आत्महत्या गरेकी रहिछिन्,' अर्का स्थानीय नयबहादुर पुजाराले भने । प्रहरी सहायक निरीक्षक रामबहादुर खड्काले कमाउनका लागि अघि अघि नआएको र श्रीमान् रमेशले अर्को बिहे गरेपछि आर्थिक अवस्था र आफ्नो कुनै उपाय नलागेकाले उनले आत्महत्या गरेको हुनसक्ने बताए । 'प्रहरीको प्रारम्भिक अनुसन्धानमा पनि यही देखिएको छ,' खड्काले टेलिफोनमा कान्तिपुरसँग भने ।

बिहान भन्डै चार किलोमिटर तल खोलामा लाश देखिएपछि प्रहरीलाई गाउँलेले खबर गरेका थिए । श्रीमान् रमेश भने अहिलेसम्म सम्पर्कमा नआएको स्थानीयले बताए । उनी अर्की श्रीमतीसँग अलग्गै बस्दै आएका छन् ।

सदरमुकामदेखि एक दिन पैदल हिँडेर पुगिने उक्त गाउँबाट पोस्टमार्टमका लागि शव ल्याउन नसकिएको प्रहरीले जनाएको छ ।

स्थानीय नयबहादुर पुजाराका अनुसार सन्जुदेवी एक साताअघि पनि सामूहिक आत्महत्या गर्न खोलातर्फ जाँदै भीरमा पुगेकी थिइन् । स्थानीय ग्रामीणहरूले देखेपछि उनलाई सम्झाएर फर्काएको उनले बताए । त्यसो भने उनले आत्महत्याका लागि गाउँको ममता पुगेन ।

गरिबीकै कारण बक्काडमा सामूहिक आत्महत्या भएको यो पहिलो घटना हो । तर बाहिर नआएका अरु घटना पनि हुनसक्ने प्रहरीले जनाएको छ । यसअघि केहीअघि मात्र बक्काडकी हिमानी बोहरा एक महिलाले तीन सन्तानसहित आत्महत्या गरेकी थिइन् ।

*साभार: कान्तिपुर दैनिक (३१ साउन २०६७)*

# बाल कुपोषण हटाउन अनुदान



## १० हजारभन्दा बढी बालबालिका लाभान्वित हुने

साभार: कान्तिपुर दैनिक (१६ असार २०६७)

# एक लाख हेक्टर धान खेत प्लटिङ

साभार: कान्तिपुर दैनिक (२० असार २०६७)

# RtFN Members and Contact Address

| S.No. | Contact Person | Office | Telephone | Email |
|---|---|---|---|---|
| 1 | Sarba Raj Khadka | Rural Reconstruction Nepal (RRN) | 984160600 | jajarkot@gmail.com |
| 2 | Birendra Adhikari | RtFN | 9846029476 | birendra@rrn.org.np |
| 3 | Asha Sharma | " | 9841530392 | hope.adhi@gmail.com |
| 4 | Mahendra Laxmi Sharma | OXFAM | 9851113027 | msharma@oxfam.org.uk. |
| 5 | Karuna Onta | CARE Nepal | 9851040615 | karuna@carenepal.org. |
| 6 | Sushila k. Thapa Magar | CARE Nepal | 9841326778 | eco_sushila@yahoo.com |
| 7 | Basudha Gurung | Foof First Action Information Network (FIAN Nepal) | 9851041084 | basudhagurung@yahoo.com |
| 8 | Ganga Acharya | " | 9841371697 | |
| 9 | Indira Shankar | " | 9841902223 | shankar_isha234@yahoo.com |
| 10 | Ashok bdr. Singh | " | 9849665551 | ashokbdrsingh@yahoo.com |
| 11 | Safal A. Subba | " | 9841356379 | safalsubba@gmail.com |
| 12 | Yogita Rai | " | 9851090146 | yogita.rai@yahoo.com |
| 13 | Satya Twayna | " | 9851038413 | satyatwayna@yahoo.com |
| 14 | Prem Dangal | All Nepal Peasants Federation (ANPFA) | 9851087771 | prem@anpfa.org.np |
| 15 | Dr. Keshav Khadka | " | 9851046845 | krkhadka@gmail.com |
| 16 | Balram Baskota | " | 9851018248 | balram@anpfa.org.np |
| 17 | Manindra Malla | CARITAS Nepal | 015538172 | finemission@gmail.com |
| 18 | Ratna Karki | RRN | 014427823 | ratna@rrn.org.np |
| 19 | Dr. Surendra Karki | Lutheran World Federation (LWF) | 9851016812 | sldc@lwf.org.np |
| 20 | Hari Awasthi | " | 9759002505 | Tl fsp@lwf.org.np |
| 21 | Dr. Netra Timsina | NGO Federation | 985100633 | nptimsina@gmail.com |
| 22 | Gehendra Gurung | Practical Action | 9851001309 | gehendra.gurung@practicalaction.org |
| 23 | Arjun Bhattarai | " | 9841212769 | arjunilam@gmail.com |
| 24 | Mahendra Magar | Centre for Community Development (CCDN) | 9851000477 | ccdn@ntc.net.np |
| 25 | Jagat Basnet | Community Self Reliance Centre | 9851081197 | jagatb@info.com.np |
| 26 | Bharati Pathak | Federation of Community Forestry Users Nepal (FECOFUN) | 014485263 | bharatipathak_2006@yahoo.com |
| 27 | Chattra Raj Poudel | FECOFUN, Nawalparasi | 9845064964 | - |
| 28 | Kala Swarnakar | Feminist Dalit Organization (FEDO) | 015520982 | kala.sw@hotmail.com |
| 29 | Munna Lama | Home Net Network ((HNN) | - | mendo_munna@yahoo.com |
| 30 | Debendra Adhikari | Human Rights Alliance | 9849285792 | adhikaridpa@gmail.com |
| 31 | Bidya Nath Bhurtel | INSEC | 014278770 | bbhurtel@yahoo.com |
| 32 | Ram Prasad Gaire | JAGARAN Nepal | 9849146559 | garirejee@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| 33 | Sharmila Karki | " | 9851073787 | karkisharmila@gmail.com |
| 34 | Ram bahadur Thapa Magar | Nepal Federation of Indigenous Nationalities (NEFIN) | 9851086197 | rthapamagar@yahoo.com |
| 35 | Ram Lakhan Harijan | National Federation of Irrigation Water Users Association Nepal (NFIWUAN) | 9841354938 | nfiwuan@wlink.com.np |
| 36 | Ram Prasad Meheta | " | 9851086197 | - |
| 37 | Shambhu Prasad Dulal | " | 9841631837 | nfiwuan@wlink.com.np |
| 38 | Rajendra Kumar Basnet | Right to Food Network, Dhading | 9841499285 | swamnepal@yahoo.com |
| 39 | Dr. Surendra Shrestha | SAHAS Nepal | 015523776 | sahas@wlink.com.np, |
| 40 | Kamlesh Adhikari | South Asia Watch on Trade, Economics and Environment (SAWTEE) | 9841261017 | - |
| 41 | Shraddha Yogi | SOSEC | 9741077357 | yogi.shraddha@gmail.com |
| 42 | Pooja Bhattarai | Women's Rehabilitation Centre (WOREC) | 9841344957 | escr@worecnepal.org |
| 43 | Diwas Khatri | WOREC, Udayapur | 9841452374 | diwaskhatri@gmail.com |
| 44 | Bal Bahadur Rokaya | Youth Acting for Change Nepal (YAC Nepal) | 9749002554 | yacnepal@yahoo.com |
| 45 | Dabal Bdr Bam | YAC Nepal | 9848422337 | dabal_bom@yahoo.com |
| 46 | Yamuna Ghale | SDC | 015524927, 9851065738 | yamunaghale@gmail.com |
| 47 | Tilak Adhikari | YAC Nepal | | yacnepal@yahoo.com |
| 48 | Jagat Basnet | CSRC | 014360486, 9851081197 | jagatb@info.com.np |
| 49 | Bikash Paudel | LI-BIRD | 9841866171 | bpaudel@libird.org.np |
| 50 | Bishnu Adhikari | CWES, Kaski | 9756000492 | adhikaribinu@gmail.com |
| 51 | Gam Gurung | FORWARD | 9856024173 | |
| 52 | Ramesh Adhikari | Action-Aid | | |
| 53 | Chakraman Bishwokarma | Dalit Welfare Organization (DWO), Ktm | 9851090538 | cm-bk09@gmail.com |
| 54 | Tanka Bishwokarma | DWO, Banke | 9847823691 | Tanka_4u@hotmail.com |
| 55 | Kul bdr. Bishwokarma | NNDSWO | 9840310669 | Kul.bishokarma@nndswo.org.np |
| 56 | Gokarna Ruphakheti | District right to food network, Dhading | 9841567241 016217473 | virds1996@yahoo.com, |
| 57 | Tola kumari Pathak | " | 9841528121 | tolapathak@gmail.com |
| 58 | Ambika Khanal | EDS (Batabaran Sudhar samaj), Surkhet | 9848030760 | edssociety@ntc.net.np. |
| 59 | Govinda raj Joshi | RUDES, Nepal, Baitadi | 9749503103 | rudesbg@ntc.net.np, |
| 60 | Ganga Devi Jaisi | CHD, Jumla | 9748905111 | - |
| 61 | Kunti Thami | Nepal Thami Society, Dolakha | 9849331378 | |
| 62 | Tek Thami | Jansip, Dolakha | 9754201647 | tekthami@yahoo.com |
| 63 | Ridar Lama | | RRN, Khotang | 9743022902 |
| 64 | Mabin Ghale | SAHAS Nepal, Ktm | 9841249802 | Ghale_mabin@yahoo.com |
| 64 | Santosh Kumar Malla | SAHAS, Mugu | 9748900557, 9848022890 | |
| 66 | Durlab Bogati | SUDECC, Nepal | 9848068353 | Durlav07@gmail.com |
| 67 | Kashi pd. Joshi | PEA CEWIN, Bajura | 9749034336 | Kpj2058@yahoo.com, |
| 68 | Laxmi Karki | HRTMCC | 9841489086 | laxmi@rrn.org.np |

# खाद्यअधिकारका लागि राष्ट्रिय सञ्जाल, नेपाल

## National Network on Right to Food Nepal (RtFN)

खाद्यअधिकारका लागि राष्ट्रिय सञ्जाल, नेपाल (आर.टी.एफ.एन.) नेपालमा खाद्यअधिकार तथा मानवअधिकारको प्रवर्द्धनमा क्रियाशील व्यक्ति तथा संस्थाहरूलाई समन्वय गर्दै सामुहिक प्रयत्नलाई अघि बढाउनका लागि स्थापित राष्ट्रियस्तरको एक खुकुलो सञ्जाल हो । यो सञ्जाल सन् २००७ को जुलाईमा स्थापित गरिएको थियो । यस सञ्जालले खाद्यअधिकारको उल्लङ्घनका विषयहरू माथि निगरानीको काम गर्दछ भने नेपालको नयाँ संविधानमा खाद्यअधिकारलाई मौलिक मानवअधिकारको रूपमा समावेश गर्नका लागि जनवकालत, जनअभियान तथा अन्य दवावमूलक क्रियाकलापहरू पनि गर्दछ। यसका साथै राज्य तथा अन्य सम्बन्धित पक्षहरूलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध - १९६६ को सामान्य टिप्पणी १२ को धारा ११ (Article 11 of the General Comment 12 on the International Covenant of Economic, Social and Cultural Rights (ICESCR) of 1966)मा उल्लेखित खानपाउने मानवअधिकारको सम्मान, बचाउ तथा परिपूर्तिका लागि सरकारलाई आफ्ना दायित्वहरूलाई महसुस गराउदै आवश्यक नीति निर्माण र तिनको कार्यान्वयनका लागि नागरिक समाजको तर्फबाट दवावमूलक काम गर्दछ ।

यस सञ्जालले नेपालमा खाद्यअधिकार तथा खाद्यसंप्रभुताको प्रवर्द्धन र सबलीकरणका लागि राष्ट्रिय, क्षेत्रीय र स्थानीय स्थरमा सञ्जाल निर्माण, जनवकालत, लब्बीङ र जनअभियान जस्ता क्रियाकलापहरू संचालन गरी नीतिगत सुधारका लागि दवावमूलक क्रियाकलापहरू सञ्चालन गर्दछ। यसैगरी यस सञ्जालले खाद्यअधिकारको उल्लङ्घनका मुद्दाहरू तथा यससँग सम्बन्धित सरोकारका विषयहरूमा जनचेतना अभिबृद्धिका साथै नागरिक समाजका संगठनहरूको संस्थागत विकासका लागि विभिन्न अभियानहरू, गोष्ठी तथा कार्यशालाहरूको आयोजना गर्नुका साथै विभिन्न सरोकारवालाहरू बीच सान्दर्भिक सूचना तथा सिकाईहरूको आदान प्रदान समेत गर्दछ।

अन्तर्राष्ट्रिय रूपमा स्वीकृत खाद्यअधिकारसम्बन्धी सिद्धान्त तथा दर्शनलाई मान्ने इच्छुक व्यक्ति तथा संस्थाहरुलाई यस सञ्जालमा अवद्ध भई नेपाली जनताको खाद्यअधिकारको प्रवर्द्धन र रक्षाका लागि योगदान गर्न खाद्यअधिकारका लागि राष्ट्रिय सञ्जाल नेपाल हर्दिक स्वागत गर्दछ ।


**सम्पादनः** वीरेन्द्र अधिकारी

**सम्पादन सहयोगीः** आशा शर्मा

कभर फोटोः बहुराष्ट्रिय कम्पनीबाट वितरित वीऊबाट उत्पादित दानारहित मकैको घोघा (बारा), *फोटोः निर्मल गदाल*



**खाद्यअधिकारका लागि राष्ट्रिय सञ्जाल, नेपाल**

सचिवालय

पो.ब.नं. ८१३०, २८८ गैरीधारा, काठमाडौं, नेपाल ।

फोनः ४००४९७४, ४००४९८५, फ्याक्सः ४००४५०८

इमेलः rtfn@rrn.org.np

वेबसाइटः http://right2food.wordpress.com